जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ८, २०७८ साल साउन २९ गते शुक्रबार, नेपाल संवत् ११४१ (August 13, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## लुम्बिनीमा एमाले सरकार ढल्यो

काठमाडौं । लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलले बुधबार पदबाट राजीनामा दिएका छन् । प्रदेशसभाको विशेष अधिवेशन सुरु हुनअघि नै उनले प्रदेश प्रमुख अमिक शेरचनलाई राजीनामापत्र बुझाएका हुन् ।

सरकार अल्पमतमा रहेको भन्दै विपक्षी गठबन्धनले मुख्यमन्त्रीविरुद्ध साउन १९ गते अविश्वास प्रस्ताव दर्ता गराएको थियो । हिजोको विशेष अधिवेशनले नेकपा माओवादी केन्द्रका कुलप्रसाद केसीलाई मुख्यमन्त्रीमा चयन गरेको छ । फागुनसम्म केसी मुख्यमन्त्री रहने र त्यसपछिको कार्यकाल कांग्रेसका वीरेन्द्र कनौडियाले सम्हाल्ने सहमति भएको छ ।

## साझा प्रकाशनको महाप्रबन्धकमा पोखरेल

काठमाडौं । साझा प्रकाशनको महाप्रबन्धकमा साहित्यकार प्रह्लाद पोखरेल नियुक्त भएका छन् । साझा प्रकाशन सञ्चालक समितिको बैठकले प्रशासनिक क्षेत्रमा समेत लामो समय काम गरेका पोखरेललाई महाप्रबन्धक पदमा नियुक्त गरेको हो ।

बुधबार पुल्चोकस्थित कार्यालय पुगेर पदभार ग्रहण गरेका पोखरेलले साझा प्रकाशन नेपाली वाङ्मयको क्षेत्रमा गौरवपूर्ण इतिहास बोकेको संस्था रहेको उल्लेख गर्दै त्यसको गरिमा कायम बाँकी ८ पेजमा

# एमालेले साथ नदिने संकेत, एमसीसी अलपत्र पर्ने

**एमसीसी प्रकरण**

काठमाडौं । बहुचर्चित अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) लाई गठबन्धन सरकारले आफ्नो साझा नीति तथा कार्यक्रममा समावेश नगरेपछि एमसीसीविरुद्धको संयुक्त दलीय आन्दोलनले विश्राम पाएको छ । यदि शेरबहादुर देउवा नेतृत्वको सरकारले एमसीसीलाई नीति तथा कार्यक्रममा राखेको भए सरकारविरुद्धको आन्दोलनले कोरोना कहर भन्नेवाला थिएन । संसदमा प्रतिनिधित्व नगरेका विभिन्न वामघटकहरूले संयुक्त मोर्चा बनाउर सरकारविरुद्ध जेहाद छेड्ने पूर्ण तयारी गरिसकेका थिए । एमसीसी सम्झौतालाई नीति तथा कार्यक्रममा 'ड्रप' गरेर सरकारले आफूविरुद्ध उठ्नै लागेको आन्दोलनलाई 'कर्नर' मा पारेको छ ।

एमसीसी पुस्तक २०७६ असार ३० गतेदेखि संघीय संसद सचिवालयमा दर्ता भएर पनि रोकिएर बसेको छ । एमसीसी कार्यान्वयनसम्बन्धी सम्झौताअनुसार उक्त परियोजना नेपालमा लागू गर्न संसदबाट अनुमोदन हुनुपर्छ । ओली नेतृत्वको सरकारले एमसीसी अनुमोदन गर्न चाहे पनि साविकको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रै यस विषयमा एकमत नहुँदा अनुमोदन हुन सकेको थिएन । सम्झौता नेपालको राष्ट्रिय हितविपरीत विषय समेत रहेको भन्दै पार्टीभित्रबाटै विरोध भएपछि नेकपाले अध्ययन कार्यदलसमेत बनाएको थियो । त्यसबेला प्रमुख प्रतिपक्षमा रहेको नेपाली कांग्रेसले भने एमसीसी सम्झौता छिटो पास गर्न दबाब दिएको थियो । अहिले संसदको समीकरण




फेरिएको छ । नेकपा खारेज भएर एमाले र माओवादी केन्द्र ब्युँतिएको छ । २८ असारको सर्वोच्च अदालतको फैसलासँगै पुनर्स्थापित प्रतिनिधिसभामा नेकपा एमाले प्रमुख प्रतिपक्षमा छ । नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, एमालेकै नेपाल–खनाल समूह र जनमोर्चा लगायतको समर्थनमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बनेका छन् ।

कांग्रेस एमसीसी सम्झौता संसदबाट अनुमोदनको पक्षमा भए पनि अरु दल सम्झौता परिमार्जनको पक्षमा छन् । सत्तारुढ गठबन्धनभित्रको मतभेदलाई बुझेका विपक्षी दलका नेता केपी शर्मा ओलीले प्रधानमन्त्री शेरबहादुर देउवालाई सोधेका छन्– 'एमसीसी के गर्नुहुन्छ ? सरकारको साझा नीति तथा कार्यक्रममा एमसीसी नभेटेको भन्दै उनले भनेका छन्– 'एमसीसी बिर्सनुभयो कि क्या हो ? मैले कतै देखिन, नेपाली जनताले जान्न चाहेको छ, सम्माननीय प्रधानमन्त्रीज्यू के गर्नुहुन्छ एमसीसीलाई तपाईं ?' ओलीको यस्तो भनाइले एमाले एमसीसीको विपक्षमा उभिने संकेत गरेको छ । यदि एमालेले एमसीसीलाई समर्थन नगरे संसदबाट पारित गर्न बहुमत पुग्दैन । फेरि गठबन्धन दलहरूभित्र एमसीसीलाई हेर्ने दृष्टिकोणमा एकरुपता छैन । माओवादी केन्द्र संशोधनसहित पारित गर्ने पक्षमा देखिएको छ । ओली सरकारविरुद्धको आन्दोलनमा एमसीसीविरुद्ध सडकमा नारा लाग्दा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले कोटेश्वरमा मौनता साँध्नु र नारा रोक्न इसारा गर्नुले पनि माओवादी केन्द्र एमसीसी पारित गराउन तयार रहेको विश्लेषण गरिएको थियो । एमसीसीको चर्को विरोध गर्ने पम्फा भूसाल अहिले ऊर्जामन्त्री छिन् । अमेरिकी राजदूत र्‍यान्डी बेरीले केही दिन मन्त्रालयमा भेटेर एमसीसीबारे चासो प्रकट गरेका थिए । जवाफमा उनले एमसीसीको विरोध गर्न नसकेको बताइन्छ । गठबन्धनमा सहभागी अर्को दल जनता समाजवादी पार्टी पनि एमसीसीको पक्षमा पूर्ण रुपमा खुलिसकेको छैन । जनमोर्चा नेपालले त एमसीसी पारित गर्न खोजिए गठबन्धनबाट अलगिने चेतावनी दिइसकेको छ । यसैलाई बुझेर हुनुपर्छ सभामुख अग्नि सापकोटाले एमसीसीलाई संसदको कार्यसूचीमा टेबल गरेका छैनन् ।

सभामुख सापकोटाले अमेरिकी सहयोग निकाय एमसीसीसँगको सम्झौता अनुमोदनका लागि दलहरूबीच सहमति हुनुपर्ने बताएका छन् । उनले यसमा सके राष्ट्रिय सहमति, त्यो नभए प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरूबीच सहमति होस् भन्ने आफूले चाहेको बताएका छन् । 'त्यसो हुन नसके सत्तारुढ गठबन्धनबीच गम्भीर छलफल भएर निष्कर्ष निस्कियोस्' उनले भनेका छन् । उनले एमसीसी सम्झौताका विषयमा जनताको तहसम्म पुगेको शंका निवारण गर्नुपर्नेमा जोड दिएका छन् । एमसीसी सम्झौता देशको भाग्य र भविष्यसित प्रत्यक्ष सरोकार राख्ने विषय भएको बुझाइ जनतामा रहेको हुनाले आफूले पनि विज्ञको कुरा सुनिरहेको उनको भनाइ छ । 'यसलाई निष्पक्ष ढंगले बाँकी ८ पेजमा

## सरकारी सञ्चित कोष डेढ खर्ब घाटामा

काठमाडौं । सरकारी सञ्चित कोष १ खर्ब ४३ अर्बले घाटामा रहने अर्थमन्त्री जनार्दन शर्माले जानकारी गराएका छन् । अर्थमन्त्री शर्माले मंगलबार संसदमा आर्थिक स्वेतपत्र जारी गर्दै सरकारी कोष आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा १ खर्ब ४३ अर्बले घाटामा रहने जानकारी गराएका हुन् । अर्थमन्त्री शर्माले जारी गरेको स्वेतपत्रमा आर्थिक वर्ष २०७३/७४मा कुल खर्चको २७।७४ प्रतिशत रकम असार महिनामा खर्च भएकोमा आ.व. २०७७/७८ को असार



बाँकी ८ पेजमा

## मेची नदीले बगायो सीमास्तम्भ

झापा । मेची नदीमा बढेको पानीको बहावसँगै नेपाल–भारतको सीमा पिलर बगाउन थालेको छ । मेची नदीले सोमबार झापामा एउटा मुख्य सीमा पिलर बगाएको छ । समयमा तटबन्ध गरिएको भए सो सीमा पिलर बचाउन सकिने स्थानीयको भनाइ छ ।




नदीले तटीय क्षेत्रको कटान गर्ने क्रममा दक्षिणी झापाको कचनकवल गाउँपालिका–५ स्थित पाठामारीमा ११२ नम्बर सीमा पिलर बगाएको सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण झापाका प्रवक्ता तथा डिएसपी प्रेमबहादुर भण्डारीले जानकारी दिनुभयो । केही दिनको अविरल वर्षापछि मेची नदीमा पानीको बहाव बढेको छ । मेचीमा पानीको बहाव बढेपछि नदी आसपासमा रहेका दुई दर्जन बढी सानो सीमा पिलर पनि डुबानमा परेको डिएसपी भण्डारीले बताउनुभयो । नदीले तटीय क्षेत्र कटान गर्ने क्रममा केही दिन अघिमात्र पिलरनजिकै रहेका रूखहरू बगाएर लगेको थियो । बाँकी ८ पेजमा

## मुख्यमन्त्री पौडेल र राईको पनि जागिर जाने

काठमाडौं । आन्तरिक विवादका कारण एमालेको एकल बहुमत रहेको वाग्मती प्रदेश र प्रदेश १ सरकार जोखिममा परेको छ । एमालेको विवादले बागमती र प्रदेश १ सरकारको भविष्य तय गर्नेछ ।



सुरुमा विपक्षी गठबन्धनसँग मिलेर वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलविरुद्ध अविश्वास प्रस्ताव ल्याए पनि पछिल्लो समय पार्टी एकताका लागि भन्दै वाग्मती प्रदेशमा निर्णायक मानिएकी नेपाल समूहकी नेतृ अष्टलक्ष्मी शाक्यले ओलीलाई अन्तिम धक्का दिने बताएकी छन् । १ सय ९ सदस्य रहेको वाग्मती प्रदेशमा अहिले विपक्षी दल माओवादी केन्द्रका २३, कांग्रेसका २२ र एकजना स्वतन्त्र बाँकी ८ पेजमा

# नेपाल समूह विद्रोहको तयारीमा

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेभित्रको विवाद उत्कर्षमा पुगेको छ । संस्थापन पक्षले पार्टीका कामहरू नरोक्ने भन्दै सोमबार स्थायी र केन्द्रीय कमिटी बैठक राखेर महत्वपूर्ण निर्णय गरेपछि एमालेको विवाद दुःखद अन्त्यमा पुग्ने संकेत देखिएको हो । यी बैठकका निर्णयले अझै शक्तिशाली बनाएको र अबको महाधिवेशनमा प्यानल अनुसार चुनाव लड्न नमिल्ने नयाँ सांगठनिक मार्ग तय गरेको छ । संस्थापन पक्षले एकलौटी ढंगले यति ठूला निर्णय गर्दा माधव नेपाल समूहलाई गरिएको बेवास्ताले एमालेको विवाद साम्य हुन सक्ने सम्भावना क्षीण बनाएको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टी विधान संशोधनसहित सांगठनिक कार्यसम्बन्धी प्रक्रिया अघि बढाएपछि वरिष्ठ नेता माधवकुमार नेपाल समूहले एकताको ढोका बन्द भएको निष्कर्षसहित विद्रोहको तयारी सुरु गरेको छ । अध्यक्ष ओलीले पार्टीभित्र



उत्पन्न विवाद सुल्झाउनुभन्दा एकलौटी ढंगले विधान संशोधन लगायतका प्रक्रिया अघि बढाएपछि नेपाल पक्षले देशव्यापी रुपमा समानान्तर कमिटी बनाउँदै विद्रोहको तयारी गरेको हो । ओलीले एमालेभित्र छिर्न नदिएपछि नेपालले वैकल्पिक पार्टी निर्माणको बाटो अघि बढाउन थालेका छन् ।

नेपाल पक्षले साउन २१ र २२ गते आयोजना गरेको केन्द्रीय कमिटी बैठकले अध्यक्ष ओलीका कारण पार्टी एकताको सम्भावना न्यून भए पनि अन्तिम अवस्थासम्म एकताका पक्षमा पहल गर्ने निर्णय गरेको थियो । तर ओलीले एकपक्षीय रुपमा विधान संशोधन प्रक्रिया अघि बढाएपछि नेपाल समूह पनि विद्रोहको तयारीमा अघि बढेको हो ।

नेपाल पक्षीय बैठकको निर्णयमा 'पार्टी एकताको अनिवार्यतालाई हृदयंगम गर्दै तत्कालका लागि विभाजनको बाध्यात्मक नीति अवलम्बन नगर्ने र अन्तिमसम्म पार्टी एकताकै पहल गर्ने उल्लेख छ । बैठकका अधिकांश वक्ताले यथास्थितिमा एकता गर्न नहुने सम्मानजनक एकता हुनुपर्ने धारणा राखेका भए पनि नेता नेपालले विघटित कार्यदलका सदस्यलाई चाँडै नै विवाद निरुपण गर्न र ओली पक्षसँग कुराकानी टुंग्याउन आग्रह गरेका थिए । 'कार्यदलका साथीहरूलाई मैले भनेको छु, संवादको विषय चाँडै टुंग्याउनुहोस् नत्र बाँकी ८ पेजमा

## जलवायु परिवर्तन : खतराको संकेत

काठमाडौं । जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (आइपीसीसी) ले पृथ्वीको औसत तापक्रम सन् २०३० भित्र १.५ डिग्री सेल्सियस बढ्ने चेतावनी दिएको छ । वैज्ञानिकहरूले अनुमान गरेभन्दा एक दशकअघि नै यो अनुपातमा तापक्रम बढ्ने संकेत देखिएको हो । आईपीसीसीले एक वैज्ञानिक प्रतिवेदन सार्वजनिक गर्दै तापक्रम वृद्धिको कारण हिमालय क्षेत्र, हिमताल, हिमनदी पग्लिने क्रम विगतका वर्षहरूमा भन्दा बढेको उल्लेख गरेको छ । प्रतिवेदनमा हिमाली क्षेत्र पग्लिँदा समुद्र सतहसमेत आँकलन गरेभन्दा द्रुत गतिमा बढिरहेको जनाइएको छ । यही हिसाबले तापक्रम बढ्ने र हिउँ पग्लने हो भने हिमाल नाँगा हुने र समुद्री सतह बाँकी ८ पेजमा

# वराह अवतार र नागपञ्चमीको महत्व

**तोयराज नेपाल**

श्रावणशुक्ल तृतीया वराह जयन्ती पर्व हो । त्यसैले वराह जयन्तीबारे केही चर्चा गर्नु सान्दर्भिक भएकाले यसबारे प्रस्तुत गर्दछु ।

अहिले चलिरहेको कल्प वाराह कल्प हो । यो कल्पभन्दा अघि ब्रह्माजीले धेरै मानसिक सृष्टि गर्नुभयो तर पनि उहाँलाई सन्तोष भएन । एक्लै सृष्टि सञ्चालन गर्न र त्यसको वृद्धि गर्न सम्भव भएन भन्ने ठानी निकै चिन्ता मग्न हुनुभएको थियो, त्यसैबेला ब्रह्माजीको शरीर दुई भागमा विभक्त भयो । ब्रह्माजीको धेरै नाममध्ये कः पनि एउटा हो । कः बाट उत्पन्न हुनाले यसलाई काय पनि भनिन्छ ।

एक भागबाट पुरुष र अर्को भागबाट स्त्रीको उत्पत्ति भयो । पुरुषको नाम स्वायम्भुव मनु र स्त्रीको नाम शतरूपा भन्ने राखियो । अनि तिनीहरूलाई तिमीहरू पति र पत्नी भयौ । अब तिमीहरूले मैथुन धर्मबाट प्रजाको सृष्टि गर, भनेर आदेश दिनुभयो । त्यसबेला पृथिवीलाई हिरण्याक्ष दानवले समुद्रमा डुबाएर रसातलमा पुर्‍याएको थियो । पृथिवी छैनन्, केमा सृष्टि गर्ने ? भनी ती दुईले सोधे । अनि ब्रह्माजीलाई रसातलबाट पृथिवीलाई कसरी निकाल्ने भन्ने ठूलो चिन्ता पर्‍यो । अनि उहाँले भगवान् नारायणको ध्यान



गर्नुभयो । ध्यान गर्दागर्दै उहाँका नाकका प्वालबाट बुढी औंठा जत्रो सानो वराहको (बँदेलको) पाठो निस्कियो र भूमिमा खस्यो ।

अनि तत्कालै त्यो बढेर बढेमाको हात्ती जत्रो भयो । त्यस्तो अद्भूत चमत्कार भएको देखी मरिची आदि ऋषिहरूले र ब्रह्माले पनि यो के हो ? भनी आश्चर्य मान्नुभयो । त्यत्तिकैमा वराहरूप भगवान् डरलाग्दो 'घ घ' आवाज गरी तीनै लोकलाई थर्कायमान पार्दै गर्जिनुभयो । त्यसबेला सबैको सातो गयो । त्यसपछि पृथिवीको गन्ध सुँघ्दै समुद्रमा प्रवेश गरेर रसातलमा पुगी पृथिवीलाई दाह्राले च्यापेर लिई आउँदै हुनुहुन्थ्यो, बाटोमा दुष्ट दैत्य हिरण्याक्षले भेटी गदा लिएर वराहरूप भगवान् माथि जाइलाग्यो ।

अनि त्यससँग घोर घमासान युद्ध गरी जसरी अघि इन्द्रले पर्वतका पखेटा काटेर छिन्नभिन्न पारेका थिए, त्यसैगरी वराह भगवानले पनि आफ्ना दाह्राले त्यस दुष्ट दैत्यलाई टुक्रा टुक्रा पारी मारेर त्यसका रक्तले रंगिएको रक्तरञ्जित पृथिवीको हिलाले सुँडलाई रंग्याएर अत्यन्त सुन्दर बनाउँदै पृथिवीलाई लिएर आउँदा आउँदै ब्रह्माजी र मरीच आदि ऋषिहरूले स्तुति गरे ।

हे भगवान्, यो हजुरको वेदमय वराह शरीर दाँतमा अड्याइएको भूमण्डलले गर्दा आफ्ना शिखरमा अडिएका धेरै धेरै बादलसहितका पर्वतको जस्तो शोभा हुन्छ, त्यस्तै नै अत्यन्त सुशोभित भइरहेको छ । यसरी स्तुति गर्दागर्दै पृथिवीलाई ल्याएर समुद्रको जलमाथि नाउलाई जस्तै गरी आफ्ना शक्तिले अड्याएर राखिदिनुभयो । यति गरी भगवान् वराह त्यहाँबाट अन्तर्धान हुनुभयो । यसरी हिरण्याक्ष दैत्यले रसातलमा डुबाएकी पृथिवीको वराह अवतार भगवानले उद्धार गर्नुभएको थियो । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### कोरोना नियन्त्रणमा सहयोग गरौं

अहिले विश्वव्यापी रूपमा कोरोनाको सन्त्रास फैलिरहेको छ । सिभियर अक्युप्ट रेस्पिरेटोरी सिन्ड्रोम कोरोना भाइरस–२ छोटकरीमा सार्स कोभ–२ जसको संक्रमणबाट हुने रोगलाई कोरोना भाइरस डिजिज अर्थात् छोटकरीमा कोभिड–१९ भनिन्छ । यसको उद्गमस्थल चीनको वुहान हो । सन् १९१९ नोभेम्बरमा वुहानमा देखा परेको भाइरस छोटो अवधिमा विश्वव्यापी रूपमा फैलियो र यसका विभिन्न नयाँ रूप अर्थात् न्यू भेरियन्ट देखा परिरहेका छन् । मानिसको श्वास प्रश्वासमा गम्भीर असर पुऱ्याएर फोक्सोमा निमोनिया संक्रमण गराई ज्यानैसम्म लिने यो रोगका कारण विश्वमा ४० लाख बढीको मृत्युसकेको छ भने नेपालमा १० हजारले ज्यान गुमाएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत मंगलबारसम्ममा सात लाख २० हजार ६८० जना नेपाली कोरोना संक्रमित भइसकेका छन् । काठमाडौं उपत्यकामा मंगलबार एकैदिन एक हजार २२६ जना संक्रमित थपिएका छन् भने देशभरमा सक्रिय संक्रमितको संख्या ३७ हजार ३ सय ३२ पुगेको छ । कोरोनाको दोस्रो लहरपछि ओरालो लाग्न थालेको ग्राफ फेरि तीव्र ढंगले उकालो लागिरहेको अवस्था देखिएपछि तेस्रो लहरको त्रासको वातावरण उत्पन्न भएको छ ।

कोरोना संक्रमितको संख्या फेरि बढ्न थालेपछि काठमाडौं उपत्यकामा स्थानीय प्रशासनले निषेधाज्ञा थप कडा गर्ने निर्णय गरेको छ । मंगलबार बसेको उपत्यकाका तीन जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको बैठकले केही क्षेत्रमा कडाइ गर्दै भदौ ८ गतेसम्म निषेधाज्ञा थप गरेको छ । निषेधाज्ञा थपसँगै फेरि लकडाउन हुने हो कि भन्ने हल्ला र अनुमानसमेत जनताले गर्न थालिसकेका छन् । केही खुकुलो हुनेबित्तिकै भीडभाड बढाउने खालका गतिविधि गर्ने र स्वास्थ्य मापदण्डको बेवास्ता गर्ने प्रवृत्तिले कोरोनाले फैलिने मौका पाइरहेको छ ।

स्थानीय प्रशासनले थप गरेको निषेधाज्ञा अवधिमा सबै प्रकारका सभा, सम्मेलन, पार्टी प्यालेस, सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लब, स्वीमिङ पुल, मनोरञ्जनस्थल, संग्रहालय, रंगशालामा हुने दर्शकसहितको खेलकुद र मानिसहरूको भीडभाड हुने अन्य कार्यक्रम सञ्चालन गर्न गराउन नपाउने उल्लेख छ । यस्तै खुला स्थानमा भेला हुन, भीडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोजभतेरमा पनि प्रशासनले रोक लगाएको छ । बिहीबार राति ८ बजेपछि सबै प्रकारका सवारीसाधन चलाउन रोक लगाइएको छ भने स्थानीय ढुवानी बिहान ९ बजेदेखि ११ बजेसम्म र अपरान्ह ४ बजेदेखि ७ बजेसम्म सञ्चालन गर्न पाउने व्यवस्था गरिएको छ ।

कोरोनाको प्रभावले मानवीय क्षतिका अतिरिक्त मुलुकको अर्थतन्त्र डावाडोल भइरहेको छ । अर्थमन्त्री जनार्दन शर्माले मुलुक ५ वर्षको अवधिमा ऋणमा चुर्लम्म डुबेको र कोरोना कालमा भएको आर्थिक गतिविधिको शिथिलताले मुलुक थप जर्जर बन्दै गएको तथ्यांक सार्वजनिक गरेका छन् । कोरोना नियन्त्रणका नाममा भएका अर्बौं भ्रष्टाचार, आर्थिक अनियमितताको छानबिन गर्ने पाटो आफ्नै ठाउँमा छ । वर्तमान सरकारको मूल दायित्व जति सक्दो चाँडो कोरोना कहरबाट मुलुक र जनतालाई बाहिर निकाल्नु रहेको छ । कोरोनाले गुमेका रोजगारी फेरि पुनर्स्थापित हुन र सिंगो मुलुकको आर्थिक गतिविधि फेरि पूर्ववत् अवस्थामा सञ्चालन हुन नसकेमा अर्थतन्त्र र जनजीवन थप कष्टकर बन्दै जान्छ । त्यसैले सरकारले जति सक्दो चाँडो भ्याक्सिन कार्यक्रम सम्पन्न गराउनेतर्फ जोड दिन आवश्यक छ भने जनताले स्वास्थ्य मापदण्ड अनुकूलका गतिविधि मात्र गरी कोरोना नियन्त्रणमा सहयोग पुऱ्याउन आवश्यक छ । अन्यथा फेरि लामो लकडाउनको दुष्चक्रमा मुलुक फस्न जाने र जनजीवन थप कष्टकर बन्ने निश्चित छ ।

# सोचनिय छ, भष्मासुर प्रवृत्ति हावी भएपछि



**सुरेन्द्र ढकाल**

देशमा मात्रै प्रजातन्त्र भएर काम लाग्दैन । राजनीतिक दलभित्र पनि विरोध गर्न पाइने स्वतन्त्रता हुनुपर्छ । दलभित्रै गरिने त्यस्तो विरोधको व्यवस्थापन गर्न जान्दा मात्रै दलभित्र एकता र दल बलियो हुन्छ । होइन विरोधीहरूको घाँटी नै निमोठ्नुपर्छ भनेर जनताले बहुमत दिएर ५ वर्ष खान दिँदा समेत सत्ताच्युत हुनुपर्दो रहेछ भन्ने उदाहरणहरू २०४७ मा प्रजातन्त्र आएपछि २०७८ सम्म आउँदा धेरै देख्न पाइयो । यस्ता उदाहरणहरू देख्दादेख्दै पनि नेताहरूको घैंटोमा घाम नलाग्नु झनै उदेकलाग्दो विषय बनेको छ जसले संघीय गणतन्त्रलाई कुन खाडलमा लगेर जाक्ने हो सजिलै भन्न सकिने अवस्था छैन ।

हिजो २०४७ सालको चुनावमा नेपाली जनताले कांग्रेसलाई ५ वर्ष सत्ता सम्हाल्ने जनादेश दिएका थिए । गिरिजाले त्यो थेग्न सकेनन् । सर्वसत्तावादतर्फ लाग्दा बहुमतको सरकार मात्रै ढलेन, शेरबहादुरले कांग्रेस दल नै फुटाए । ३ वर्षअघि जनताले नेकपालाई झन्डै दुईतिहाइ बहुमत दिएका थिए । तर दलभित्रको आन्तरिक प्रजातन्त्र (जनवाद) लाई व्यवस्थित गर्न केपी असफल भएको कारण पहिले एमाले र माओवादी केन्द्र भिन्न भए अनि पछि त्यही एमालेभित्र पनि केपी–माधव भिन्न हुँदैछन् । यसले देशमा राजनीतिक स्थायित्व त दिएन दिएन, झन् त्यसमाथि गणतन्त्र नै डुङ्डुङ्ती गन्हाउँदै छ ।

**केपीको सर्वसत्तावादले माधव गुटसँग एकताको ढोका बन्द त गरि नै हाल्यो अब त्यही केपीको एमालेभित्र पनि विरोध गर्नेलाई छुट नदिने व्यवस्था विधानमै हुनुले केपी अब भष्मासुर हुन खोज्दैछन् भन्ने प्रमाणित हुँदै गइरहेको छ ।**

हामीले गल्ती गर्दा व्यवस्था नै असफलताको बाटोतर्फ लागेको हो भन्नेतर्फ कुनै पनि नेता भनाउँदाहरू आत्मसमीक्षा गर्न तैयार छैनन् । झन्डै दुईतिहाइबाट एकतिहाईमा झर्दै सरकारबाट हात धुनु परेको एमालेको केपी समूहले विधान संसोधन गरी अब सभापति मात्रै निर्वाचित हुने र अन्य पदाधिकारीहरू चयन हुने व्यवस्थाले गर्दा दलमा झनै तानाशाही प्रवृत्ति स्थापित हुन जाने स्वत सिध्द छ ।

केपीको सर्वसत्तावादले माधव गुटसँग एकताको ढोका बन्द त गरि नै हाल्यो अब त्यही केपीको एमालेभित्र पनि विरोध गर्नेलाई छुट नदिने व्यवस्था विधानमै हुनुले केपी अब भष्मासुर हुन खोज्दैछन् भन्ने प्रमाणित हुँदै गइरहेको छ । यी केपी ओलीमा मेरै कारण आज दलको दुरावस्था भएको हो भन्ने कुनै पछुताउ छैन र ठीक त्यसको विपरीत भोलि चुनाव भयो भने आफू एक्लैले बहुमत ल्याउने दिवास्वप्न पालेर यिनी बसेका छन् ।

हिजो पञ्चायत व्यवस्था रहँदा राजा वीरेन्द्रमा त्यस्तै प्रवृत्ति हुन्थ्यो भने त्यसबेला नै नेपालको गति आजको म्यानमारको जस्तो हुने थियो होला । त्यसै गरी २०६३ मा केपीकै जस्तो प्रवृति ज्ञानेन्द्रमा हुन्थ्यो भने गणतन्त्र त्यति सजिलै आउने थिएन होला । प्रजातन्त्रका लागि ज्यान कुर्बानी गरें भनेर गर्व गर्ने नेताहरू आफ्नो दलभित्र किन सर्वसम्मत हुन सकेनन् ? जवाफ स्पष्ट छ कि उनीहरूको गिदीमा र व्यवहारमा सामन्तवाद र सर्वसत्तावादले स्थायी डेरा जमाएको छ । उनीहरू आफ्नो विरोध गरेको सुन्नै सक्दैनन्, आफूलाई परिवर्तन गर्नै चाहँदैनन् भनेपछि त्यो भष्मासुरबाहेक अरु कुन प्रवृत्ति हुन सक्छ त ?

अहिलेको नेपालमा भएका सबै दलका नेताहरूमा यस्तै प्रवृत्ति भएको कारण उनीहरूमा टुटफुट आइरहेको छ अनि देश र जनताले जुन रुपान्तरण चाहेका छन् त्यो असम्भव भइरहेको छ । अब त हुँदाहुँदा कसलाई अग्रगामी र कसलाई प्रतिगामी भन्ने त्यो पनि एक कठिन विषय हुन पुगेको छ । जुन जोगी आए पनि कानै चिरेको भन्ने उखान चरितार्थ भइरहेको छ ।

भष्मासुरको बाटोमा नेताहरू अनि त्यस्ता नेताका पछाडि लाग्ने झोले जनताहरू भएपछि व्यवस्थाले काम गर्ला त ? सोचनीय छ । भष्मासुर प्रवृत्ति हावी भएपछि ।

# अव्यवस्थित खोपको पर्खाइ



**गोविन्द विक**

सरकारले उमेर समूह तोकेर विभिन्न समयमा खोप अभियान सञ्चालन गरिरहेको छ । कोरोना संक्रमणबाट जोगिनका लागि नागरिकहरू खोप पाइने आसमा बिहान ३ बजेदेखि लाइनमा बस्ने गरेका छन् ।

विभिन्न कम्पनीका विभिन्न नाममा नामकरण भएर आएको कोरोना भाइरस संक्रमण विरुद्धको खोप चरणगत रुपमा नागरिकलाई उपलब्ध गराउँदै आइएको छ । सरकारले उमेर हद तोकेर खोप लगाउन भनिए पनि सबै खोप केन्द्रहरूमा करिब १६ वर्ष माथिदेखि ७० वर्षसम्म उमेर समूहका नागरिकहरू लाइनमा बसेको थुप्रै दृश्यहरू छँदैछन् ।

खोप नपाइने त्रासका कारण मानिसहरू सबेरै लाइनमा बस्छन् तर पनि दिनभरि लाइन बसेर पनि खोप नपाई फर्किनेहरूको लिस्ट पनि लामै छ । सरकारले चरणगत रुपमा उमेर हद तोकेर खोपको व्यवस्थापन गरेपछि सम्बन्धित निकायको ध्यान सोहीअनुसारको व्यवस्थापनमा जानुपर्ने हो तर कहीं पनि तोकिएको उमेर समूह मात्र लाइन बसेको देखिँदैन ।

विशेष गरी स्थानीय सरकारले खोप लगाउनका लागि पर्याप्त व्यवस्थापन गर्न सकिरहेको देखिँदैन । खोपका लागि उमेर समूह संघीय सरकारले तोकेर पठाएपछि स्थानीय सरकारहरूले सोहीअनुसारको व्यवस्थापन गरेर तोकिएको समूहलाई मात्र खोप लगाउने हो भने खोप केन्द्रमा भीड हुने सम्भावना नै हुँदैन र तोकिएका उमेर समूहले खोप सहज रुपमा पाउने अवस्था रहन्छ । गठबन्धन सरकारले सबै नागारिकलाई चाँडोभन्दा चाँडो खोपको व्यवस्थापन गर्ने प्रतिबद्धता पटक पटक व्यक्त गर्दै आइरहेको छ । आम नागारिकहरू सरकारले खोप चाँडै व्यवस्थापन गर्नेमा भरोसा लिएर खोपको पर्खाइमा छन् ।

अघिल्लो कम्युनिष्ट सरकार पनि खोपको पर्याप्त व्यवस्था गर्न नसकेको भनेर निकै आलोचित बनेको थियो । संकटको समयमा बनेको सरकार भएको हुनाले पनि यो सरकारबाट जनताको अपेक्षा निकै रहेको छ । खोप व्यवस्थापनदेखि सुशासन र सामाजिक समानतामा यो सरकार अडिग छ भन्ने बुझाइ आम नागारिकको छ ।

सरकारले खोप उपलब्ध पनि गराइनै राखेको छ तर सरकारले तोकेअनुसार स्थानीय तहमा व्यवस्थापन नहुँदा कोरोना संक्रमणको जोखिम झन् उच्च नहोला भन्न सकिन्न । कतिपय खोप केन्द्रहरूमा अव्यवस्थित लाइनमा मास्क नलगाइ र स्वास्थ्य मापदण्ड नअपनाई खोप लगाउनाले कोरोना संक्रमण फैलाउने खतरा बढ्दै गएको छ । ठेलमठेल रुपमा लाइनमा खोपका लागि मान्छेहरू झुम्मिइ राखेका छन् । खुला र फराकिलो ठाउँ भन्दा पनि साँघुरा र यातायातका साधनहरू बढी आवतजावत गर्ने ठाउँहरूमा खोप केन्द्र सञ्चालन भैराखेका छन् ।

**सरकारले खोप उपलब्ध पनि गराइनै राखेको छ तर सरकारले तोकेअनुसार स्थानीय तहमा व्यवस्थापन नहुँदा कोरोना संक्रमणको जोखिम झन् उच्च नहोला भन्न सकिन्न । कतिपय खोप केन्द्रहरूमा अव्यवस्थित लाइनमा मास्क नलगाइ र स्वास्थ्य मापदण्ड नअपनाई खोप लगाउनाले कोरोना संक्रमण फैलाउने खतरा बढ्दै गएको छ ।**

स्थानीय तहहरूले एकआपसमा समन्वय गरी खुला ठाउँको व्यवस्थापन गर्न कुनै कठिन हुँदैन । विशेष गरी उपत्यकाभित्रको सवालमा खोप केन्द्र व्यवस्थापनमा निकै ध्यान दिनुपर्ने अवस्था छ । खोप केन्द्रको भीडभाडले संक्रमण फैलाउन बल पुगिरहेको प्रति सम्बन्धित निकाय गम्भीर हुन जरुरी छ । घन्टौं लाइन बस्नेहरू रित्तो हात फर्किने तर चिनेजानेको राजनीतिक पहुँच भएकाहरूले लाइनै नबसी खोप धमाधम लगाइरहेको थुप्रै घटनाहरू छन् । स्थानीय सरकारहरूले यस किसिमको प्रवृत्तिमा पनि विषेश ध्यान दिन आवश्यक छ ।

सरकारले सबै नागारिकलाई खोप उपलब्ध गराउँछु भनेको हुनाले पनि तोकिएको समूहभन्दा फरकहरूलाई लाइनमा नबसाउने र चिनेजानेका आधारमा भन्दा पनि लाइन बसेका आधारमा खोप लगाउने काम गर्नु गराउनु खोपकेन्द्रहरूको मुख्य दायित्व हुन जान्छ । जुन समूहको पालो हो त्यही समूहलाई मात्र खोपको लागि तयार राख्दा व्यवस्थापनमा पनि सहज हुँदै जान्छ । खोप लगाउने जिम्मा स्थानीय सरकारले पाएको हुँदा खोपको पर्खाइमा लागेको भीड व्यवस्थापनमा मास्क लगाउने, भौतिक दूरी कायम गरी लाइनमा राख्ने जस्ता स्वास्थ्य मापदन्ड अपनाउनका लागि ध्यान दिन जरुरी छ ।

खोपको राजनीति गरेर अव्यस्थित भीड जम्मा हुने कुरालाई प्रोत्साहन गर्नुभन्दा पनि तोकिएको उमेर समूहलाई लाइनमा व्यवस्थापन गरी खोप उपलब्ध गराउँदा समाजमा राम्रो सन्देश जाने र सबैले आआफ्नो पालोमा सहज रुपमा खोप पाउने वातावरण बन्दै जान्छ । खोपको लाइन व्यवस्थापनमा ध्यान नदिने हो भने संघारमा आएको तेस्रो लहरको संक्रमणले त्रासपूर्ण नबनाउला भन्न सकिने अवस्था छैन ।

# हिंसामुक्त हुन सकेका छैनन् शिक्षित महिला पनि–२

■ **अञ्जली रम्तेल**

जतिसुकै प्रक्रिया अपनाए पनि उनले मुद्दा हाल्ने नै निर्णय गरिन् । कन्या क्याम्पसमा पढाउने उनका श्रीमान् शंकर ज्ञवाली केही समय पत्नीपीडित भनेर सञ्चारमाध्यममा समेत निकै छाए । सधैं नयाँ खालको समाचारको खोजीमा रहने मिडियाकर्मीका लागि त्यो समाचार निकै नौलो थियो । सत्यतथ्य खोजी नगरी एकतर्फी रूपमा शंकरको मात्र समाचार आउन थालेपछि भने देवीले पनि त्यसको प्रतिकारका लागि सञ्चारमाध्यम नै रोजिन् । श्रीमान्को आरोपलाई प्रतिकार र आफूलाई न्याय दिलाइदिनका लागि सञ्चारकर्मीको सहायता लिन थालिन् । हाल उनले जिल्ला अदालतमा गालीबेइज्जती, घरेलु हिंसाको मुद्दा हालेकी छिन् । उनी केवल आफ्नो बच्चा आफ्नो साथमा होस् भन्ने चाहना राख्छिन् ।

यस्तै स्नातक तहसम्म अध्ययन गरेकी शिवानी गुरुङ पनि घरेलु हिंसाबाट पीडित छिन् । तर, कहाँ गएर के गर्ने भन्नेबारे उनी पनि अलमलमा छिन् । करिब पाँच वर्षअघि विवाहबन्धनमा बाँधिएकी शिवानी पनि पटकपटक घरेलु हिंसामा परेकी भए पनि यसलाई लोग्नेस्वास्नीबीचको झगडा भनेर स्वाभाविक रूपमा लिएकी थिइन् । परिवारको इच्छाविरुद्ध विवाह गरेकी शिवानीको साथमा हाल परिवार पनि छैन । उनी भन्छिन्, 'परिवारलाई मैले मन पराएको केटा राम्रो लागेन अनि मैले उहाँहरूको इच्छाविरुद्ध विवाह गर्नुपरेको थियो, तर अहिले आएर सोच्छु मेरो परिवार सही थियो र म गलत ।'

विवाहको केही समय राम्रैसँग बिताए पनि त्यसपछिको समय भने उनले नसोचेको कुरा हुन थालेको थियो । काठमाडौंकै स्थानीयवासी शिवानीका साथी धेरै थिए । साथीहरूसँग घुमफिर गर्न साह्रै रुचाउने भए पनि विवाहपछि भने साथीसँगको सम्बन्ध अचानक टुटेको थियो । उनले भनिन्, 'मेरा साथीहरूसँगको घुलमिल श्रीमान्लाई मन पर्दैनथ्यो, साथीहरूको फोन आएमा पनि नउठाऊ भन्नुहुन्थ्यो, मैले ठीकै छ भनेर उहाँको भनाइलाई मान्दै गएँ । साथीहरू, परिवार, आफन्त सबैबाट टाढिँदै गएँ । खाना मीठो चाहिने तर तेल, मसला किन्नलाई समेत पैसा नदिने । केही समयपछि नै गर्भवती भएका कारण मैले काम गर्न पाइनँ । पैसाका लागि उनैसँग हात फैलाउनुपर्ने भएकाले उनले जति दिन्थे त्यतिले नै घरखर्च चलाउनुपर्थ्यो । ममाथि नियन्त्रण बढ्दै जान थाल्यो । म पनि नजानिँदो पाराले नियन्त्रणमा पर्न थालेँ । पछि जब अर्कै केटीसँग उनको सम्बन्ध बढ्यो अनि त मप्रतिको दुर्व्यवहार बढ्न थाल्यो । अति नै भएपछि भने मैले पनि प्रतिकार गर्न थालेँ ।

बिस्तारैबिस्तारै मौखिक दुर्व्यवहार मात्र होइन, हात हालाहाल पनि सामान्यझैं हुन थाल्यो । एक दिन मैले पनि उसलाई हात छोडेँ र भने, 'आजबाट यदि ममाथि हात हालिस् भने पुलिस बोलाउँछु । किन हो थाहा छैन ऊ पुलिस शब्दबाट निकै डराएको थियो । त्यसपछि उसले ममाथि हात त हालेन, तर सधैं मलाई अपशब्द बोल्ने र मेरो चरित्रमाथि नै शङ्का गर्न थाल्यो । छोरी जन्मिएपछि पनि उसको व्यवहारमा परिवर्तन भएन ।' उनले भनिन्, 'अहिले श्रीमान्सँग एउटै छतमुनि बसे पनि श्रीमान्–श्रीमतीको सम्बन्ध भने हामीबीच छैन । अहिले म आफैं कमाएर आफ्नो जीवन चलाउँछु, पैसाका लागि उससँग हात फैलाउनुपर्ने अवस्था छैन । छोरीको पढाइ र अन्य खर्च मैले नै गर्छु । सम्बन्धविच्छेदका लागि माइती नेपाललाई गुहारेकी छु । सम्बन्धविच्छेदको प्रक्रिया चलिरहेको छ ।'

कतिपय मानिस भन्छन्– महिलामाथि हिंसाको कारण अशिक्षा पनि हो । तर, यहाँ त शिक्षितबीच पनि हिंसा त्यत्तिकै छ । आफूमाथि भएको हिंसाबारे बाहिर कुरा ल्याउँदा आफ्नो र परिवारको इज्जत जाने र सामाजिक मर्यादामा समेत आँच आउने डरका कारण उनीहरू आफूले भोगेको पीडालाई बाहिर ल्याउन अग्रसर हुँदैनन् । महिलामाथि हुने हिंसाबारे प्रहरी तथा महिला सेलमा पुग्दा धेरैजसो मुद्दा मेलमिलापमा नै टुङ्गिने गरेका छन् । त्यसैले पनि सम्बन्धविच्छेदका लागि अदालतसम्म थोरै मात्र मुद्दा पुग्ने गरेका छन् । त्यसो त सम्बन्धविच्छेद घरेलु हिंसाको समाधान भने होइन, यसका लागि कानुनको कार्यान्वयन र मानिसको प्रवृत्तिमा सुधार हुनु आवश्यक छ ।

संचारिका फिचर सेवा

# मैले देखेको १७१ औं धार्मिक महत्वको स्थल

# अकलैन्ड न्युजिलैंडको हिन्दु मन्दिर

सुरेन्द्र ढकाल

१५ मार्च २००८ को पुरै दिन स्काइ टावर र त्यहाँ रहेको गृष्मकालीन (समर) बगैंचा घुमेर बितायौं । भोलिपल्ट १६ मार्चका दिन बिहानको खाना भुवनजीकोमै खाएपछि मेरा अर्का मित्र विनोद भौकाजीले मलाई लिन आउनुभयो । त्यस दिनभर विनोदजीसँगै उहाँको घरमा केहीबेर अनि त्यसपछि विनोदजीकै चिनजानका एक नेपाली मित्रको घरमा धार्मिक कार्यक्रम भजन कीर्तनमा सहभागी भई तत्पश्चात उहासँगै अकलैन्डमा रहेको एक हिन्दु मन्दिर अवलोकन गर्न गयौं ।

अकलैन्डको हिन्दु मन्दिर

यस मन्दिरलाई भारतीय मन्दिर भन्दा रहेछन् र यो न्युजिलैन्डमा भएका मन्दिरहरूमध्ये सबैभन्दा ठूलो र पुरानो पनि रहेछ । न्युजिलैन्ड भ्रमण गरी हिन्दु धर्मावलम्वीहरूको जनसंख्या एक लाख जति छ रे भन्ने थाहा पाइयो । जुन चाहीँ न्युजिलैन्डको कुल जनसंख्याको दुई प्रतिशत हुन आउँदो रहेछ र विशेष गरी भारतका हिन्दु धर्मावलम्वीहरूको संख्या ठूलो भएको र नेपालबाट जानेको ठ्याक्कै संख्या भने थाहा भएन । यही जनसंख्याको कारण अकलैन्ड लगायत न्युजिलैन्डका अरु शहरहरूमा पनि हिन्दुहरूको मन्दिर अस्तित्वमा रहेछ । इतिहास खोतल्दै जाँदा सन १८३६ तिरै तामिल हिन्दुहरू न्युजिलैन्ड पुगेका रहेछन् पछि १९ औं शताब्दिमा पंजाव र गुजरातबाट हिन्दु सिपाहीहरूलाई त्यहाँ लगिएको रहेछ । पछि श्रीलंका, मलेसिया र दक्षिण अफ्रिकाबाट पनि हिन्दुहरू त्यहाँ पुगेका रहेछन् । न्युजिलैन्ड पुग्ने हिन्दुहरूमा बढी एसियाली देशका रहेछन् र अन्यमा युरोपेली र प्रशान्त क्षेत्रका देशहरूबाट गएका हिन्दुहरू पर्दा रहेछन् जसले न्युजिलैन्डमा हिन्दु परिषद नामक संगठन सन १९९० ताका नै बनाएका रहेछन् र उनीहरूले नै हिन्दु मठमन्दिरहरूको निर्माण र संरक्षण गर्दा रहेछन् । सन २००७ मा उनीहरूले पहिलो हिन्दु सम्मेलन न्युजिलैन्डमा गरेका रहेछन् । सन १९८६ मा यो मन्दिर बनाउने योजना बनेको रहेछ जसको निर्माण सन १९९३ मा सम्पन्न भएको रहेछ । अकलैन्डको वालमोरल रोडमा रहेको यो मन्दिरको निर्माण रोसन नाउहरियाको अगुवाइमा हिन्दु भक्तजनहरूको दान र चन्दाबाट बनेको रहेछ । न्युजिलैन्डकै पहिलो हिन्दु मन्दिर भएको कारण न्युजिलैन्डका अरु शहरमा बसेका हिन्दुहरू पनि पाठपूजाको लागि यहाँ आउँदा रहेछन् । न्युजिलैन्डमा भएका हिन्दुहरूको जमघटस्थल बन्न पुगेको यो मन्दिरले त्यहाँ भएका हिन्दुहरू बीच भाइचाराको सम्बन्ध विकास गर्न ठूलो योगदान गरेको रहेछ भन्ने थाहा भयो । हामीले त्यहाँ झन्डै दुई घण्टा जति बितायौं र बेलुकी विनोदजीले मलाई भुवनजीकोमा छोडिदनुभयो ।


बाहिरबाट हेर्दा हिन्दु मन्दिर


मन्दिरभित्रको हरियाली


मन्दिरको मुख्य द्वार


मन्दिर परिसरको भित्री भाग



मन्दिरभित्र पूजाआजाको क्षण


मन्दिरमा रहेका हिन्दु देवताहरूको मूर्ति


मन्दिरको प्रार्थना कक्ष यस्तो रहेछ


मन्दिरको बगैंचामा विनोदजीका साथ सुरेन्द्र

# पूर्व एमाले नवगठित झापाली समूह, अर्थात् तत्कालीन नेकपा (माले) सितको सम्बन्ध स्थापनाबारे




■ शम्भुराम श्रेष्ठ

२०३६ सालमा राष्ट्रिय जनमतसंग्रह सकिएको केही समयपछि एक दिन मकहाँ पुरानो झापाली विद्रोह समूहको नवगठित समूह, अर्थात् तत्कालीन नेकपा (माले) को एकजना कार्यकर्ता आए र उनको पार्टीको एकजना उच्च स्तरीय कमरेडले मलाई भेट्न चाहेका छन्, यहाँ कहिले लिएर आउँ ? भनी सोधे । 'आज त मलाई फुर्सद भएन । भोलि बिहान आउनुभए हुन्छ' भनी मैले जवाफ दिएँ । भोलिपल्ट बिहान ठीक समयमा उनीहरू आए । अघिल्लो दिन यहाँ आउने कार्यकर्तासँग आउने उच्चस्तरीय भनिएको कामरेडले आफूलाई पार्टी केन्द्रीय नेतृत्वले मेरो सम्पर्कमा रहन खटाइ पठाएको बताए । मैले ती कामरेडको पार्टी पोजिसन र वास्तविक नाम सोध्न आवश्यक सम्झिन र सोधिन पनि, यद्यपि उनले मसँग आफ्नो वास्तविक पार्टी पोजिसन र नाउँ बताएर परिचय गराउनुपर्थ्यो र कोड नाउँले परिचय गराउनु हुँदैनथ्यो । पछि धेरै पछि मात्रै उनी माधवकुमार नेपाल भन्ने थाहा भयो ।

माधवकुमार नेपालले आफूलाई पार्टी केन्द्रीय कमिटीले मेरो सम्पर्कमा रहन पठाएको भनेपछि मैले उनलाई संगठनात्मक रुपले के गर्दैछौं र देशको राजनीतिक स्थिति के छ भन्ने बारेमा बताउँदै भनें- 'हामीहरू अर्थात् मनमोहन अधिकारी र म जेलमा छँदादेखि नै विशेष गरेर २०२५ सालमा जेलबाट छुटदेखि नै हामीहरू कुनै पनि समूहसँग आफूहरूलाई आबद्ध नगरी जमातको रुपमा मात्र रहेर सम्पूर्ण रुपमा नेपाली कम्युनिस्ट आन्दोलनलाई एकीकरण गर्ने प्रयासमा लागिपरेका छौं । यस सम्बन्धमा हामी तपाईंहरूको पनि सहयोगको अपेक्षा गर्दछौं ।'

त्यहाँदेखि हाम्रा दुई समूहहरू बीचको आपसी सम्बन्ध र समझदारी दिन प्रतिदिन घनिष्ट रुपले अघि बढ्न थाल्यो । त्यसकै एउटा उपलब्धि पूर्ण परिणाम थियो राष्ट्रिय पञ्चायतलाई राष्ट्रिय स्वाधीनता र जनअधिकारको निम्ति पद्मरत्नहरूलाई राष्ट्रिय पञ्चायतलाई संघर्षको थलोको रुपमा प्रयोग गर्न त्यहाँ पठाउनु हो ।

हाम्रा दुइटै समूहहरूले एक आपसमा पार्टी एकता गर्न अत्यावश्यक भएको महसुस गरी कुरा चलाए । परस्पर अध्ययन र छलफलका लागि एक अर्काको सैद्धान्तिक तथा राजनीतिक दस्तावेजहरू साटासाट गरियो ।

;dfKt

*(स्वास्थ्यका कारण यसपछिको संस्मरण लेख्न सक्नुभएन)*

---

**नियात्रा**

# वाराणसी सम्मेलनका अन्तर्गाथा-५

- रामप्रसाद पन्त

त्यो ऐतिहासिक सुन्दर स्मारकलाई हामीले निर्निमेष हेर्‍यौं र नतमस्तक भएर फर्कियौं ।

सारनाथ परिसर भित्रका दर्शनीय स्थलहरूको परिचय गराउनका लागि हामीले कुनै गाइड खोजेका थिएनौं । यी सबै ऐतिहासिक धरोहरहरूको परिचय गराउँदै हामी अघि अघि हिँडिरहेको थियो एउटा किशोर । हामीले उसलाई पैसा दिनुपर्दैनथ्यो । सर्त यत्ति थियो, हामी उसको साडीपसलमा पसिदिनुपर्थ्यो,साडी हेरिदिनुपर्थ्यो तर साडी खरिद गर्न अनिवार्य थिएन । बश, उसको काम यत्ति – सारनाथ दर्शन गर्न आउनेलाई निशुल्क गाइड गरिदिनु, साडी पसल देखाइदिनु र मासिक छ हजार रुपैयाँ साडी पसलेबाट तलब बापत असुल्नु । क्या मजाको जागिर !

कति चतुर छन् भारतीय व्यापारीहरू ! ग्राहकलाई आँखामा टाँसिने माल देखाइदिए पुग्छ । बाँकी मोलमोलाईबाट ग्राहक स्वतः बन्धनमा परिहाल्छ ।

हाम्रा साथीहरूलाई लगेरै छाड्यो त्यस केटोले र झन्डै एक घण्टा भुलाएर सातवटा साडी बिकाइछाड्यो । साथीहरू दङ्ग गरेर फर्किए सस्तोमा पायौं भनेर । सस्तोमा पाएर सन्तोष लिने वा ठगिएर पुर्पुरोमा हात राख्ने ! त्यो त एकपटक धोएपछि थाहा लागिहाल्ला ।


यस बीचमा मैले स्थानीय व्यक्तिहरूबाट के कुरा पत्ता लगाएको थिएँ भने निर्वासनको क्रममा बिपी कोइराला कहाँ बस्थे र कुन घरमा ?

त्यो घर हामी फर्किने बाटोको छेउछाउ तिब्बेतियन मन्दिर नजिकै पर्ने भएकोले मैले अटो चालकलाई भनेको थिएँ– 'त्यहाँ हामीलाई दुई मिनेट रोकिदेऊ, नेपालका जननिर्वाचित प्रथम प्रधानमन्त्री बिपी कोइरालाले आठ वर्ष निर्वासित जीवन बिताएको घर अवलोकन गर्ने मौका देऊ ।'

'हुन्छ' भनेको थियो अटो चालकले ।

लामो समय बिपीको सान्निध्यमा बसेका अर्जुन विरक्तिको भनाइ सम्झँदै थिएँ म त्यसबेला । सारनाथ गुठीकै स्वामित्वमा बनेको दुई तले घरको माथिल्लो तलामा निशुल्क बस्नुहुन्थ्यो बिपी । भुईं तलामा गान्डीव र आज पत्रिकाको स्टोर गर्ने ठाउँ थियो । वारणसी शहरको घन्चमन्च र साँघुरो ठाउँमा कार्यकर्ताहरूसँग भेटघाट गर्न अप्ठ्यारो पर्ने भएकोले सारनाथमा बस्न थाल्नुभएको थियो बिपी । बेलामौकामा कहिले विश्वनाथ र कहिले सारनाथ घुम्न निस्कनुहुन्थ्यो बिपी अर्जुनलाई साथमा लिएर । तर मन्दिर परिक्रमा गरेर शिरमात्र झुकाउनुहुन्थ्यो बिपी, पूजाअर्चना गर्नुहुन्नथ्यो ।

हो, तिनै बिपीले आठ वर्ष निर्वासित जीवन बिताएको घर हेर्ने इच्छा थियो मलाई । तर साडी पसलमा पसेर दुनियाँ भुल्ने साथीहरूसित रिसायो कि के भयो ! रोक्न भन्दाभन्दै नसुनेझैं गरी हुईंकायो बेपत्ता । विश्वासघात गर्‍यो नराम्रोसँग अटो चालकले । दुवै अटोचालकबीच सल्लाह भइसकेको




रहेछ क्यारे ! नत्र कुनै एउटाले रोक्थ्यो, तर त्यसो भएन । यतिमात्र होइन, उनीहरूले फर्कंदा बाटो नै बदलेका थिए, परिणाम यस्तो भएको थियो, जलालीपुराको मुसलमानी बस्तीमा ती अटोहरू जाममा फसेका थिए निकै बेर ।

बडो चलाख थिए ती अटो चालकहरू । जाममा रोकिएको बेला स्टार्ट बन्द गर्थे र अगाडि बढाउनुपर्दा आफू सँगै बसेको यात्रुलाई भुईंमा झारेर झटपट स्टार्ट गर्थे । तेल बचाउने चतुर तरिका थियो त्यो उनीहरूको । यसरी पटकपटक ओर्लिने र चढ्नेमा परेको थिएँ म ।

मूल सडकमा निस्केर राजघाटतर्फ हान्निएपछि मैले ख्यालैख्यालमा सोधेको थिएँ– 'बाटोमा रोक्छु भनेर धोका दिने तिमी फटाहाहरूको नाम के हो ?' मसँगै बसेको अटो चालकले नरिसाइकन जवाफ दिएको थियो– 'भरत भारतद्वाज र सुमन श्रीवास्तव ।'

उनीहरूले तीव्रगतिमा अटो कुदाएर राजघाट पुल हुँदै गङ्गापारि पुऱ्याए । पडाव जलिलपुर भनिँदोरहेछ पुलपारिको शहरलाई । कसैले ब्यासकाशी पनि भन्दा रहेछन् त्यस भूभागलाई । ब्यासकाशीबाट सिधै अगाडि नलागेर अटोहरू दक्षिण हानिए र गङ्गाको पूर्वी किनार हुँदै चौध किलोमिटर अगाडि बढेर हामीहरूलाई रामनगरमा ओरालिदिए ।

पूर्वसर्त के थियो भने ती टेम्पोहरूलाई विएचयु जाने अनुमती नभएकोले उनीहरूले प्रतिव्यक्ति पाँच रुपैयाँका दरले विएचयु लैजानका लागि अरु टेम्पुहरूद्वारा व्यवस्था गरिदिने । तर ती अटो चालकहरूले भने तोकेबमोजिमको पैसा लिए र वास्तै नगरेर बाटो लागे । कस्ता धोकेबाज ! कस्ता फटाहा !

५. दरबारको सौरभ र विश्वविद्यालयको वैभव

अगाडि दरबार प्रवेश गर्ने अग्लो द्वार देखिएको छ । हामीले सायद प्रतिव्यक्ति दश रुपैयाँको दरले प्रवेश शुल्क तिर्‍यौं क्यारे ! त्यसपछि मात्र पुरातात्विक महत्व बोकेको काशी नरेशको दरबारपरिसरमा प्रवेश गर्‍यौं ।

अन्तिम काशी नरेश डा. विभूतिनारायण सिंहलाई राजतन्त्र समाप्त हुने आभास भइसकेको थियो रे ! त्यसै भएर उनले आफ्ना सन्तानलाई काम गरेर खाने बानी बसाइसकेका थिए रे ! त्यसै भएर उनले सहज रुपमा राजगद्दी त्यागिदिए र साधारण नागरिकसरह जीवनयापन गरे ।

दरबार हेर्नुको अर्थ हो त्यस बेलाको शासन व्यवस्था, त्यस बेलाको रितिस्थिति, त्यसबेलाको भेषभुषा, त्यसबेलाको शस्त्रास्त्र, त्यसबेलाका सवारीसाधन, त्यसबेलाका गरगहना, त्यसबेलाका भाँडावर्तन, त्यसबेलाका मुद्राहरू, शेरामिक्सबाट बनेका सामानहरू र त्यसबेलाका जीविकोपार्जनका अन्य सामानहरू ।

सर्वप्रथम हामी सवारीसाधनहरू भएको कक्षमा पुग्यौं । उन्नाइसौं शताब्दीमा प्रयोग गरिएको लेन्डो गाडी, चाँदीका पाता प्रयोग गरेर बनाइएको बग्गी, अमेरिकामा बनेको कैडीलक गाडी, प्लिमथ र फोर्ड कम्पनीका गाडीहरू देखिए । अर्को कक्षमा राजारानीको पालकी, सन् १८२२ मा साहअकवाथानीद्वारा प्रदत्त पालकी, तामदान, राजकीय हौदा, हात्तीदाँतबाट बनेको हौदा, दशौं शताब्दीको कौच, थरीथरीका शङ्खहरू, थरीथरीका घडीहरू, सतरन्जहरू सजाएर राखिएका भेटिए ।

यसरी हामी एक कक्षपछि अर्को कक्षमा प्रवेश गर्दै गयौं– सितार, रुद्रविणा, तानपुरा, मृदङ्ग, हारमोनियम, बत्ती बाल्ने दियो र पानस, सत्रौं शताब्दीका पोशाकहरू, जयपुरको हीरा, काशी नरेश वलवन्त सिंह सुत्नेगरेको खाट, चन्दन वृक्षबाट बनेका कुर्सीहरू, राजमुकुट, जडाउ, अत्तर राख्ने भाँडो, सुनको तारबाट बनेका चटाइहरू देखिए ।

अब हामी हातहतियार कक्षमा प्रवेश गर्‍यौं– तिर, धनुष, भाला, जापानी तरबार, बर्मेली तरबार, लामो आकारको बन्दुक, छुरा, गुर्ज, बन्चरो, शिकारी बन्दुक, एकनाले बन्दुक, चार नाले पिस्तोल, ढाल-तरबार, कोदालो आदि सामानहरू भेटिए । त्यसपछिको कक्षमा देखिए– जङ्गली जनावरका डमीहरू, हात्तीदाँतहरू, समुद्रमुनि भेटिएका चिजबिजहरू, नवग्रहको संरचना र आकाशगङ्गाको अध्ययन गर्ने प्रविधिहरू ।

अन्तिम कक्षमा काशी नरेशका समकालीन राजाहरूका तस्बिरहरू भित्तामा सजाइएका देखिए । लहरै झुन्डाइएका तस्वीरहरूमा– काशी, कोताह, बरोदा, इन्दोर, पटियाला, हैदरावाद, भोपाल, रिकनगढ, बुन्दीका राजाहरू थिए र तस्बिरको तलपट्टि लेखिएको थियो– 'सत्यान्नास्ति परोधर्म ।'

तत्पश्चात् हामी एउटा साँघुरो सुरुङमार्ग हुँदै ओर्लेका थियौं र गङ्गातटमा पुगेका थियौं । दरबारको पर्खाल त गङ्गातटबाटै उठाएर बनाइएको पो रहेछ ! कति मजबुतीका साथ बनाइएको होला, जुन अहिलेसम्म पनि क्षतिग्रस्त हुन पाएको छैन । व्यास मन्दिर रहेछ त्यही गङ्गातटमा । हामी त्यसै मन्दिरको पेटीमा बसेर गङ्गापारी पश्चिम तटमा बसेको लङ्का शहर अवलोकन गर्‍यौं । तर त्यसै सेरोफेरोमा अवस्थित भएर पनि देखिएन वाराणसी हिन्दू विश्वविद्यालय ।

गङ्गामाथि निर्माणाधीन अवस्थामा रहेको पक्की पुल र हाल अस्थायी रुपमा सवारीसधानहरू सञ्चालन भइरहेको बेलिब्रिज पनि देख्दै थियौं हामी ।

थकाई मार्ने समय छैन, विलम्ब गर्ने बेला छैन । विएचयुका प्रोफेसर सञ्जय वान्तवालाई हामीले समय दिएका छौं तीन बजे । एक बजिसक्यो । खाना खान बाँकी नै छ । देखिइरहेको त्यही बेलिब्रिज हुँदै गङ्गा पार गर्न बाँकी नै छ । अटो पाइला नपाइएला ! सवारीसाधनको चापले बाटोमा कतिबेर रोकिनुपर्ने हो ! त्यसकारण हिँड्नुको विकल्प छैन अब ।

हामी आएकै बाटो फर्केर अटो स्टपमा पुग्छौं । प्रतिव्यक्ति पाँचका दरले अटो उपलब्ध गराइदिन्छु भन्ने पहिलेका छट्टु अटो चालकलाई सम्झन्छौं र प्रतिव्यक्ति बीस रुपैयाँ तिरेर विएचयु द्वार अगाडि ओर्लिन्छौं ।

सर्वप्रथम खाना खानुछ हामीले । यादव होटलमा पस्ने मन हुँदैन हामीलाई । सँगैको चेतन रेष्टुराँमा छिर्छौं हामी । दश जनाले खाइसक्दा पनि यादवका लागि खाना आउँदैन । समयको अभाव र भोकको बेगले विचलित भएपछि बम्किनु हुन्छ यादव । यादव होटल छोडेर आएकोमा पछुतो हुन्छ यादवलाई ।

भोजन पश्चात् हाम्रो पैदलयात्रा शुरु हुन्छ विएचयुतर्फ । गेटैअगाडि चौबाटोमा पूर्णकदको मूर्ति देखिन्छ वाराणसी हिन्दू विश्वविद्यालयका संस्थापक महामना मदनमोहन मालवीयको । साँच्चिकै साहस गरेर बनाए एक सय वर्षअगाडि विश्वकै नमुना विश्वविद्यालय ।

हामी विएचयुको द्वारबाट छिरेर पनि मुख्य सडकको पेटीमा हिँडिरहेका थियौं । मैले मनमनै प्रश्न गरेको थिएँ– कहाँ जाँदै छौं हामी– गाडीहरू ओहोर दोहोर गरिरहेको चार लेनको सडक पेटी हुँदै ? जवाफ दियो अगाडि दायाँपट्टिको अर्को द्वारले । त्यस द्वारमाथि हंशारुढ माता सरस्वतीको मूर्ति कुँदिएको देखियो । थाहा पाएँ, यस द्वारदेखि त्यस द्वारसम्मको करिब पाँच सय मिटर जमिन त विएचयुले सरकारको सडकविभागलाई उपलब्ध गराइएको रहेछ । *(क्रमशः)*

---

# खालीपेटमा खान हुने र नहुने खानेकुराहरू

बिहान उठेर धेरै मान्छे चिया र कफी वा खाजामा फलहरू खाने गर्छन् । तर यो शरीरको लागि कत्तिको लाभदायक छ त ?

दिनभर उर्जावान बन्नको लागि बिहान खाजा खानु आवश्यक छ । खाजामा पोषणले भरिएको खाद्यपदार्थ पनि खानुपर्छ । तर कैयौ पटक जानकारीको अभावमा मान्छे खाजामा गलत खानेकुराको सेवन गर्ने गर्छन् । जसको कारणले पाचनसँग जोडिएको समस्य वा अन्य बिमारीहरू समेत हुन सक्छ । के खानुपर्छ बिहानको खाजामा भन्ने विषयमा भन्ने बारेमा यो लेख तयार पारिएको छ ।

### चिया कफी

प्रायः मान्छे आफ्नो दिनको सुरुवात चिया वा कफीबाट गर्ने गर्छन । यो ठीक कुरा पनि होइनन । किनकी खाली चिया र कफीको सेवान गर्दा पेटमा ग्यास्ट्रिकको समस्या बढ्ने गर्छ । यस्तो अवस्थामा पाचनतन्त्रमा हाइड्रोक्लोरिक एसिडको स्राव बढ्न जान्छ । जसले कतिपयको पेटमा दुखाइ पनि सुरु गर्न सक्छ । त्यसैले बिहान चिया र कफीको सट्टा बिस्कुट र पाउरोटी जस्ता खानेकुराहरू लिनु जरुरी छ ।

### अमिलो फल

फल स्वास्थ्यको लागि धेरै फाइदाजनक छ । तर खाली पेटमा यस्तो फल खानुले पेटमा अधिक एसिड जम्मा हुने गर्छ । फलफूलमा प्रचूर मात्रामा फाइबर र फ्रुक्टोज पाइन्छ । जसले गर्दा हाम्रो पाचनतन्त्रमा समस्या सिर्जना हुन सक्छ । यसका कारण खासगरी बिहान खाली पेटमा यस्ता अमिलो खानेकुरा खानु हुँदैन ।

### काँचो तरकारी

खाली पेटमा सलाद लगायत काँचो तरकारी पनि खानु स्वास्थ्यको लागि हानिकारक छ । यसमा हुने फाइबरका कारण खाना सजिलैसँग पच्दैन । त्यसैले बिहान उठेर काँचो तरकारी खानु हुँदैन ।

### केरा

खाली पेटमा केरा खाँदा पेटमा म्याग्नेसियमको मात्रा बढ्न जान्छ । जसका कारण शरीरमा क्याल्सियम र म्याग्नेसियमको मात्रा बढ्न जाँदा शरीरमा अनेक समस्या हुन सक्छ ।

### चिसो पेय पदार्थ

खाली पेटमा चिसो पेय पदार्थ खानु पनि स्वास्थ्यको लागि हानिकारक हुन्छ । यसले तपाईंको म्युकस मेम्ब्रेनलाई नोक्सानी पुऱ्याउँछ । जसका कारण दिनभर तपाईंको पाचन प्रणाली धिमा गतिमा चल्छ । यसको लागि बिहान खाली पेटमा चिसो भन्दा तातो पेय पदार्थ खानु उपयुक्त ।

### गोलभेडा

गोलभेडाको सेवन स्वास्थ्यका लागि लाभदायक हुन्छ । तर खाली पेटमा टमाटर खानु बढी नोक्सानदायक हुन सक्छ । टमाटरमा साइट्स एसिड पाइन्छ । जसले गर्दा पेटमा ग्यास्ट्रो इन्स्टेन्टाइल एसिडको साथ मिलेर पेटमा ग्यास्ट्रिक दुखाइको समस्या पैदा गर्न सक्छ ।

### दही

दहीको सेवन स्वास्थ्यको लागि राम्रो मानिन्छ । तर तर बिहान खाली पेटमा दही खानु फाइदा भन्दा नोक्सानी बढी हुन्छ । यसबाट पेटमा अपचको समस्या बढ्छ । यसको लागि खाली पेट मसलेदार खाद्य पदार्थ खाने कोसिस गर्नुपर्छ ।

### खालीपेटमा के-के सेवन गर्ने ?

### मनतातो पानीको साथमा मह

बिहानको समयमा मनतातो पानीमा एक चम्चा मह राखेर पिउनुहोस् । यो धेरै खनिज भिटामिन, फ्लेवनाइड र एन्जाइम प्रदान गर्न मद्दत दायक हुन्छ । जुन पेट सफा गर्ने एवं स्वस्थ राख्नको लागि प्रभावकारी हुन्छ । यसका अलावा यो वजन कम गर्नको लागि पनि प्रभावकारी हुन्छ ।

### एलोबेरा जुस

यदि तपाईं पेटको समस्याबाट ग्रस्त हुनुहुन्छ भने वा पेटसम्बन्धी कुनै समस्या छ भने खालीपेटमा एलोबेराको जुस लिन सकिन्छ । यसबाट केवल आफ्नो पेट सफा हुन सक्छ । यसबाट कब्जियतको समस्याको समाधान समेत हुन्छ ।

# एशिया प्यासिफिक सम्मेलन सम्पन्न

काठमाडौं । कोरियाली प्रायदिपको शान्तिपूर्ण पुनर्मिलनको वातावरण बनाउन युनिर्भसल पीस फडेरेसनको आयोजना गरेको एशिया प्रसान्त नेतृत्व र थिक टयाँक २०२२ ग्लोबल फोरमले एशिया व्यासफिक स्तरिय दुई दिने नेतृत्व सम्मेलन सम्पन्न भएको छ । यहि साउन १३ र १४ गते अर्थात २०२१ को जुलाइ महिनाको २८ र २९का दिन भर्चुअल सम्मेलनमा उत्तर दक्षिण कोरियाको पुनर्मिलन र एसिया प्रशान्तमा शान्ति र सुरक्षा विषयमा बिभिन्न दृष्टिकोणहरूमा एशिया प्यासफिक क्षेत्रका बिज्ञहरूले जोड दिएका छन् ।

सम्मेलनमा लागि तीन दर्जन भन्दा बढी राष्ट्रका हजारौ व्यक्तिले सहभागीता रहेको छ भने ४० भन्दा जना वक्ताहरूले दूई कोरियाबीचको पुनमिलनको सम्भाब्यताबारे बोलेका थिए । सम्मेलनमा राष्ट्रका पूर्व राष्ट्र प्रमुख ,संसद, कुटनितिक विज्ञहरूले सम्बोधन गदै कोरिया पुनमिलनको बारेमा एक्यबद्धता प्रकट गरे । सन २००५ मा. डा. सुन म्योङ मुन र उहाँकी धर्मपत्नी डा. हाक जा हान मुन (जो अहिले विश्व शान्ति अभियानको नेतृत्व गरिरहनु भएको छ ।

सम्मेलनमा नेपालका पूर्व उपराष्ट्रपति परमानन्द झाले यदि दुई कोरियाबीच पुनर्मिलन एक मात्र तरिका हो जुन पृथक परिवारका पीडित हृदयहरूलाई निको पार्छ । कोरियाली प्रायद्वीपको एकीकरणले कोरियाको प्रगतिमा मात्र योगदान पुर्याउछ भन्ने हैन पूर्वोत्तर एशिया र विश्वको शान्ति र समृद्धिलाई पनि सहयोग पुऱ्याउँछ । उपराष्ट्रपति झाले एक शान्त र एकीकृत कोरिया जुन युद्धको डरबाट मुक्त हुनेछ जो उत्तरपूर्वी एसियामा आर्थिक विकासको लागि उत्प्रेरक बन्ने दाबी गदै दुबै कोरियाको एउटै धर्म, समानभाषा, समान संस्कृति र समान परम्परा रहेको बताउनु भयो ।

पूर्वमन्त्री हिसीला यमीले नेपालको शान्ति प्रकृयाको बारेमा चर्चा गदै विश्वलाई एकताबद्ध गर्ने उपयुक्त माध्यमनै बार्ता र छलफल भएको बताईन । उनले दुई कोरियालीहरू बीचको प्रगति मध्यस्थतामा कुरा गर्न रसिया र चाइनाले महत्वपूर्ण भूमिका खेल्नसक्ने बताईन ।

सम्मेलनमा पूर्वमन्त्री एकनाथ ढकालले कोरियाली प्रायदिपको शान्तिपूर्ण पूर्नमिलनको लागि सामाजिक अभियानहरू सञ्चालन गरेको बताउँदै दुबै कोरियाको एकिकरण बिस्तारै सम्भव बन्दै जाने बताए । ढकालले दुवै देशका नेताहरूले एक आपसमा पटक पटक भेटवार्ता गर्ने र सम्वन्धलाई थप मजबुद बनाउदै लैजाने प्रतिबद्धता व्यक्त गरेको बताउँदै यस्ता कार्यक्रम मार्फत कोरियाली प्रायदिपको पुर्नमिलनलाई सहयोग गर्ने बताए । युपीएफ एशिया प्यासफिकका अध्यक्ष समेत रहेका ढकालले बुद्ध जन्मिएको देश नेपाल र शान्तिप्रेमी नेपालिहरू सदैव शान्तिको पक्षमा उभिने बताए ।

लामो विभाजित र प्राविधिक रूपमा युद्धमा रहेका कोरियाली प्रायद्वीपका राष्ट्रहरूबिच शान्तिमय पुनर्मिलनको व्यावहारिक समाधान खोज्नका लागि समाजका सबै क्षेत्रका विज्ञहरूले आफ्नो अनुभव र अन्तरदृष्टि गरेका थिए । सम्मेलनमा एशिया प्यासफिक क्षेत्रका लाखौ मानिसहरूले सामाजिक सञ्जाल मार्फत कार्यक्रममा भाग लिएका थिए ।

# चीनको आक्रामक कूटनीति



**विष्णु भट्टराई**


चिनियाँ संसद पिपुल्स जनकांग्रेसले चिनियाँ कम्युनिस्ट पार्टीका महासचिवसमेत रहेका राष्ट्रपति सी जिन पिङलाई दोस्रो पटक चीनको कार्यकारी प्रमुख पदमा निर्वाचित गरेको छ । सी राष्ट्रपतिमा चयन भएसँगै उनले अब लामो कार्यकालसम्म चीनको नेतृत्व गर्नेछन् । किनकि उनलाई अनन्तकालसम्म राष्ट्रपति बन्ने बाटो खुलेको छ । साथै सि जिङ पिङलाई माओत्सेतुङकै हाराहारीमा सम्मान गर्दै उनको विचारलाई सि जिङ पिङ विचारधाराको रुपमा चिनियाँ कम्युनिस्ट पार्टीले ग्रहण गरेको छ ।

सिले हु जिन्ताओलाई राष्ट्रपतिबाट प्रतिष्थापन गरेका थिए । राष्ट्रपतिको कार्यकाल पाँच वर्षका लागि भए पनि सी जिन पिङले दश वर्ष मात्र होइन, स्वेच्छाले नछोडेसम्म चीनको नेतृत्व गर्ने विश्वास गरिएको छ । चिनियाँ जनक्रान्तिका सुप्रिमो माओत्सेतुङदेखि सी जिन पिङसम्म आइपुग्दा पाँचौं पुस्ताको हातमा सत्ताको नेतृत्व आइपुगेको हो । माओ, चाउएनलाई लगायतका समकालीन नेताहरूले पहिलो पुस्ताको रुपमा चीनको नेतृत्व गरेका थिए । चिनियाँ कम्युनिस्ट पार्टीको १८ औं राष्ट्रिय सम्मेलनबाट तत्कालीन उपराष्ट्रपति सी जिन पिङ महासचिवमा निर्वाचित भएका थिए । ८० औं मिलियन सदस्य भएको विश्वको सबभन्दा ठूलो राजनीतिक पार्टी, विगत ६२ वर्षदेखि लगातार चीनको नेतृत्व गर्दै आएको सत्तासीन पार्टी, १.३ विलियन जनसंख्या भएको विश्वको दोस्रो ठूलो अर्थतन्त्रका कारण चीनको सत्ता परिवर्तनको घटनालाई विश्वले नै सर्वाधिक चासोको रुपमा हेरेको थियो । पार्टीको १८ औं राष्ट्रिय सम्मेलनको सुरुवातसँगै विश्वको ध्यान चीनप्रति खिचिएको थियो । द्रुततर गतिमा अन्तर्राष्ट्रिय स्तरमा भइरहेका आर्थिक विकास र परिवर्तन एवं चिनियाँ घरेलु परिस्थितिबीच चीनको नेतृत्व परिवर्तनले अहं महत्व राख्छ । विश्वस्तरमा कम्युनिज्म पतनका घटना र साम्यवादतर्फ उन्मुख चीन विश्व पुँजीवादकै निम्ति आठौं आश्चर्य भइरहेको छ ।

राष्ट्रपतिमा निर्वाचित भए लगत्तै नेता सी जिन पिङले आफ्नो पहिलो विदेश भ्रमण रसियामा गरेका थिए । रुस विश्वको सबभन्दा ठूलो इनर्जी उत्पादक देश हो भने ठूलो उपभोक्ता चीन हो । दुवै देश संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्का स्थायी सदस्यहरू हुन् । अन्तर्राष्ट्रिय घटनाका कतिपय मामिलामा दुवै देशको साझा दृष्टिकोण रहेको पाइन्छ । दुवै देशले अमेरिकी गठबन्धनलाई रोक्ने सम्बन्धमा साझा धारणा बनाउने गरेका छन् । उत्तर दक्षिण कोरिया, विवाद, सिरियाली संकट बारेमा दुवै देश एक भएर अमेरिकी गठबन्धनका विरुद्धमा प्रस्तुत हुँदै आएका छन् । उत्तर र दक्षिण कोरियाबीचको विवाद अहिले उत्कर्षमा पुगिरहेको छ । उत्तर कोरियाले आणविक क्षेप्यास्त्रको फेरि परीक्षण गरेपछि अमेरिकी निर्देशनमा राष्ट्रसंघले थप नाकाबन्दी लगाएको छ । दक्षिण कोरियासँगको हटलाइन विच्छेद गरी उत्तर कोरियाले दक्षिण कोरियाको युद्ध उन्मादको जवाफ दिने तयारी गरिरहेको छ । दक्षिण कोरियाले अमेरिकी सेनासँग संयुक्त सैन्य अभ्यास गरेर प्योङयाङलाई तर्साउन खोजिरहेको छ । यतिमात्र होइन उत्तरकोरिया विरुद्ध अमेरिकाले लडाकु जेट विमान समेत सिउलमा परिचालन गरेको छ । दक्षिण कोरियाली राष्ट्रपति मुन जे इनले उत्तरले दक्षिण कोरियामाथि आक्रमण गरेमा त्यसको कडा प्रत्याक्रमण गर्ने चेतावनी दिएका छन् । दुई कोरियाबीचको विवाद चुलिँदै जाँदा अमेरिकाले संयुक्त सैनिक अभ्यासको अंश भन्दै दक्षिणको तनावग्रस्त क्षेत्रमा आफ्ना लडाकु विमानलाई परिचालन गरेको छ ।

प्योङयाङले दक्षिण कोरिया र उसको गठबन्धनलाई मिसाइल आक्रमण गर्ने चेतावनी दिँदै आएको छ । उसले दक्षिण कोरियासँग युद्धको अन्तिम अवस्थामा रहेको बताउँदै अमेरिकी क्षेत्रलाई पाकेको फर्सीको संज्ञा दिँदै आक्रमणको दृष्टिले निकै खतरनाक भूमि भएको समेत टिप्पणी गरेको छ ।

सन् १९५० मा दुई कोरियाबीच युद्ध भएपछि पहिलो पटक दुवै देश पुनः युद्धको अवस्थामा रहेका हुन् । सन् १९५० मा गरिएको युद्ध विराममा शान्ति सम्झौता नभएकाले पनि दुई कोरिया युद्धका लागि तयार भएका हुन् । उत्तर कोरियाली राष्ट्रपति किम जोङ उन विशेष गरी सिउलको गठबन्धन शक्ति वाशिंगटनविरुद्ध खरो रुपमा उत्रिएका छन् । अमेरिका र दक्षिण कोरियाबीच हालै भएको संयुक्त सैन्य अभ्यासको उत्तरले कडा विरोध जनाएको छ । गत जनवरीमा तेस्रो आणविक परीक्षण








गरेपछि विश्वमा कोरियाली कदमको आलोचना भएको थियो । परिणामस्वरुप राष्ट्रसंघले प्योङयाङमाथि विभिन्न प्रतिबन्ध लगाउँदै आएको छ । उत्तरले अमेरिकी भूमिमा मिसाइल आक्रमण गर्ने चेतावनी समेत दिएको छ । कतिपय विश्लेषकले उत्तरसँग अमेरिकी भूमिमा आक्रमण गर्न सक्ने क्षमता भएका मिसाइल छैनन् यो सिर्फ धम्की मात्र हो पनि भनेका छन् । तर प्योङयाङले दक्षिण कोरियामा आक्रमण गर्न दिएको धम्कीका बारेमा भने सर्वत्र चिन्ता र चासो व्यक्त गर्न थालिएको छ ।

सन् २०१० मा प्योङयाङले विवादास्पद योनङप्योङ टापुमा आक्रमण गरी चार जना दक्षिण कोरियाली नागरिकको हत्या गरेको थियो । अमेरिकाले आणविक हतियार बोक्न सक्ने क्षमता भएका लडाकु विमान दक्षिण कोरियाली आकाशमाथि अभ्यास गरेपछि उत्तर झन् क्रुद्ध भएको छ । अमेरिकाले लडाकु विमान र एफ २२ प्यापटर्सलाई दक्षिण अमेरिकाको अमेरिकी एयर फोर्स बेसमा पठाएको प्रति भने उत्तरले कुनै प्रतिक्रिया जनाइहालेको छैन । दुई देशबीचको चुलिँदो तनावलाई लिएर मस्को र बेइजिङ दुवैले एकैसाथ मुख खोलेका छन् । यी दुई देशले दुवै पक्षलाई शान्त रहन आग्रह गरेका छन् । प्योङयाङको पछिल्लो कदमले दुखित बनेको चीनले उत्तर कोरियालाई संयमित हुन आग्रह गरेको छ । मस्कोले पनि कोरियाली प्रायद्वीपमा शान्ति स्थापना गर्नु दुवै पक्षको संयुक्त उत्तरदायित्व हो भन्ने प्रतिक्रिया दिएको छ ।

सिरियाली संकटका बारेमा पनि मस्को र बेइजिङ दुवैको एउटै दृष्टिकोण रहेको छ । दुवैले त्यसलाई सिरियाको आन्तरिक विषय बताउँदै आएका छन् । सिरियाविरुद्ध प्रतिबन्ध लगाउने सुरक्षा परिषद्को निर्णय विरुद्ध दुवै देशले भिटो प्रयोग गरेर त्यसलाई असफल बनाइदिएका थिए । अमेरिकाले सिरियाली विद्रोहीहरूलाई हतियार पठाएर सिरियालाई गृहयुद्धमा फसाइरहेको छ । अमेरिका अर्थात् उसको खुफिया एजेन्सी सीआईले सिरियाली विद्रोहीहरूमार्फत सिरियामा युद्ध लडिरहेको छ । राष्ट्रपति बसर अल असदलाई अपदस्थ गराई त्यहाँ 'प्रो अमेरिकी' हरूको हातमा सत्ता पुऱ्याएर सम्पूर्ण मध्यपूर्वमाथि हैकम जमाउन उद्यत छ । बेइजिङ र मस्को भने अमेरिकालाई मध्यपूर्वको 'दादा' बन्नबाट रोक्ने प्रयासमा छन् र यी दुवै असादको पक्षमा उभिएका छन् । सिरियाली राष्ट्रपति बसर अल असद अमेरिका विरोधीका रुपमा चिनिन्छन् । सिरियामा आफ्नो कठपुतली सरकार स्थापना गर्नु र इरानलाई घेराउ गरी इजरायललाई मध्यपूर्वमा शक्तिशाली बनाउने अमेरिकी अभिस्टतालाई चीन



र रुसले सफल हुन नदिने रणनीति बनाएका छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनी राष्ट्रपति सी जिन पिङबीच कोरियाली तनाव र सिरिया संकटका बारेमा गम्भीर एउटै धारणा रहेको छ । पुटिन पनि अमेरिकी विरोधीका रुपमा चिनिन्छन् । राष्ट्रपतिमा उनको विजय अमेरिकाका लागि टाउको दुखाइको विषय बन्दै आएको छ । सोभियत संघको अवसानअघि रुस समाजवादी राष्ट्र थियो । जब गोर्वाचोभले सोभियत संघलाई विखण्डन गराए रुसमा समाजवादको पतन भयो र रुसी कम्युनिस्ट पार्टी पनि ढल्न पुग्यो । रुस र चीनमा फरक शासन पद्धति भए पनि अमेरिकी एकल प्रभुत्वलाई रोक्न दुवै देश एक ढिक्का भएका छन् । सी जिन पिङले पहिलो भ्रमण रुसमा गरेर वाशिंगटनलाई मस्को बेइजिङ मित्रताको सन्देश दिन सफल भएका छन् । १८ औं राष्ट्रिय सम्मेलनपछि चिनियाँ कम्युनिस्ट पार्टीले मुख्य प्राथमिकता कूटनीतिक क्षेत्रमा दिने घोषणा गरेको थियो । उसले साझा दृष्टिकोण राख्ने मुख्य शक्तिकेन्द्रहरू, छिमेकी मुलुक र विकासोन्मुख राष्ट्रहरूसित मजबुत सम्बन्ध विकास गर्ने लक्ष्य राखेको थियो । यो उदाउँदो अन्तर्राष्ट्रिय शक्तिको अन्तर्राष्ट्रिय प्रभाव विस्तारको योजना हो । न्याय र स्वच्छताको आफ्नै मेरिटमा अन्तर्राष्ट्रिय मुद्दाहरूमा सक्रिय र जिम्मेवार भूमिका निर्वाह गर्ने चीनको उद्घोष छ । राष्ट्रपति हु जिन्ताओको प्रथम कार्यकालमा चिनियाँ कम्युनिस्ट पार्टीले शान्तिपूर्ण विकासको रणनीति अघि सारेको थियो । गएको दशकदेखि चीनको यो रणनीति विश्व कूटनीतिको अभिन्न अंग बनेको छ । एक दशकको बीचमा चीनको घरेलु परिस्थिति र अन्तर्राष्ट्रिय परिस्थितिमा थुप्रै परिवर्तन आएको छ । तापनि चीन रणनीतिक उपलब्धिको महत्वपूर्ण चरणमा नै भएकाले पूर्वराष्ट्रपति हु जिन्ताओको 'शान्तिपूर्ण विकास' को रणनीतिलाई राष्ट्रपति सी जिनपिङ निरन्तरता दिइरहेका छन् ।

शान्तिपूर्ण विकासको रणनीति तबमात्र सम्भव छ जब चीनको चाहनाको रक्षा हुन्छ । विश्व महाशक्तिमा रुपान्तरणको संक्रमणकालीन अवस्थामा रहेको चीनको हालको नेतृत्व विश्व कूटनीतिको सवालमा आक्रामक हुन अनिवार्य छ । हु जिन्ताओको अन्तिम कार्यकालमा 'वेस्ट चाइना सी' टापुको विषयलाई लिएर चीन र जापानबाट तनाव बढेको थियो । खनिज पदार्थको धनी सो टापुको स्वामित्वको विषयमा दुवै देशमा एक अर्काका विरुद्ध विरोध प्रदर्शनको लहर समेत चलेको थियो । मानव अधिकारको हवला दिएर विश्व रंगमञ्चबाट चीनलाई एक्ल्याउने अमेरिका र उसका पिछलग्गु पश्चिमा राष्ट्रहरू चीनको विपक्षमा उभिएका थिए । पछि जापानको निर्वाचित नयाँ नेतृत्वले समस्याको समाधान कूटनीतिक तवरबाट खोज्न तयार रहेको जनाएपछि यो विवाद पछि सरेको छ ।

तिब्बत मामिलालाई लिएर पश्चिमा शक्तिहरू चीनविरुद्ध खेल्ने प्रयास गरिरहेका छन् । नेपाल र भारतमा छरिएर रहेका 'फ्रि टिवेट' पक्षधर दलाई लामाका अनुयायीहरू सनातनी विरोधमा उत्रिएका छन् । नेपाल भारत र चीनमा समेत गरी तिब्बत मामिलामा दलाई लामाका समर्थकहरूलाई सहयोग गरेर उङगुर प्रान्तका बासिन्दालाई बेलाबेलामा चिनियाँ सत्ताविरुद्ध भड्काएर अमेरिका लगायतका पश्चिमा शक्तिराष्ट्रहरू चीनलाई जटिलतातर्फ धकेल्न खोजिरहेका छन् । मानव अधिकार र सूचना प्रविधिमा चीनमा नियन्त्रण छ भनेर प्रचारबाजी गराइरहेका छन् । आफ्ना घरेलु नीतिगत मामिलामा विदेशीहरूको आलोचना र षड्यन्त्रमा अब चीन चुप लागेर नबस्ने, सक्रिय र जिम्मेवारीपूर्ण पहल लिने संकेत गरेको छ । घरेलु र अन्तर्राष्ट्रिय मामिलामा विदेशीहरूको चासोलाई रोक्न चीनले आफ्नो तीव्र आर्थिक विकासलाई नै प्राथमिकता दिने नयाँ नेतृत्वको बुझाइ छ र अन्तर्राष्ट्रिय बजारको विस्तारमा छ । युरोप, अमेरिका र अफ्रिकामा बजार विस्तार गरिसकेको चीन, भारत र अन्य दक्षिण एसियाली मुलुकहरूमा बजार विस्तार गर्न लागेको छ । चिनियाँ राष्ट्रपति सि जिन पिङले महत्वकांक्षी परियोजना बेल्ट एन्ड रोड इनएसेटिभ -बीआरआई) लाई महत्वका साथ अघि बढाएका छन । युरोप, अफ्रिका, एसिया र दक्षिण अमेरिकालाई जल, स्थल र कनेक्टीभिटीमा जोड्ने यो महत्वकांक्षी परियोजनाले अमेरिकाको निद हराम गरेको छ । बीआरआई प्राचीन चिनियाँ सिल्करोडकै नयाँ अवधारणा हो ।

बदलिँदो विश्व परिस्थितिका कारण शक्तिको केन्द्र एसियातिर सर्दैछ । शक्तिकेन्द्रलाई काबुमा राख्न महाशक्ति अमेरिका एसियातिर लम्किँदैछ । उसले इन्डो प्यासिफिक स्ट्राटेजीद्वारा एसियामा चीनको प्रभावलाई रोक्ने रणनीति बनाएको छ । अमेरिकाले चीनको बीआरआई परियोजनालाई अघि बढ्न नदिन इन्डो प्यासिफिक स्ट्राटेजीअन्तर्गत मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बोकेको छ । नेपाललाई समेत एमसीसी अन्तर्गतको ५० करोड डलरको अनुदान दिएर इन्डो प्यासिफिक रणनीतिमा सामेल गराउने जमर्को गरिरहेको छ । इन्डो प्यासिफिक रणनीति अमेरिकी सैन्य रणनीतिकै श्रृंखला हो ।

उदाउँदो महाशक्ति चीन दक्षिण एसिया र बाँकी एसियाली राष्ट्रहरूमा बजार विस्तारको अभियानद्वारा आफ्नो प्रभाव बढाउन सक्रिय देखिएको छ । एसियामा प्रभाव जमाउने चीन र अमेरिकाको राजनीतिका कारण एसिया सामरिक द्वन्द्वको थलो बन्दै गइरहेको छ । चीन र अमेरिकाबीच तत्कालिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका कारण व्यापार युद्ध नै चलेको थियो । अहिले पनि यो स्थितिमा खासै सुधार भएको छैन । अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि ट्रम्पकै पदचिन्हलाई पछ्याइरहेका छन् । यसैबीच चीनले आफूविरुद्धका गतिविधिहरू नरोकिए कडा रुपमा प्रस्तुत हुने चेतावनी दिएको छ । अमेरिका, ताइवान र हङकङलाई चीनविरुद्धमा उक्साउन भरमग्दुर प्रयास गरिरहेको छ । सायद यसैलाई बुझेर हुन सक्छ चीनले पनि अमेरिकाविरुद्ध आक्रामक कूटनीति अघि सारेको छ । छिमेकी मुलुक भारतसँग पनि दोक्लाममा भारतलाई दनक दिएर आक्रामक कूटनीति प्रदर्शन गरिसकेको छ ।

**समाचार विविध**

## एनआरएन साउदीको निर्वाचनमा धाँधलीको आरोप

काठमाडौं । गैर आवासिय नेपाली संघ साउदी अरबको राष्ट्रिय समन्वय परिषदको आठौँ महाधिबेशनमा चरम् धाधली भएको उम्मेद्वारले आरोप लगाएका छन ।

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् साउदी अरबले आफ्नै विधान र जारी निर्देशिका एवं समय तालिका समेतको उल्लंघन गरेको आरोप उम्मेदवारले लगाएका हुन । एनसिसी र मातहतका समितिहरूको समेत निर्वाचनमा गम्भीर अनियमितता गरेको २०२१-२०२३ कार्यकालका लागी अध्यक्षमा उमेदवारी प्रस्तुत गरेका रोशन श्रेष्ठले जानकारी दिए ।

गैर आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरबको निर्वाचन समितिका संयोजक जोन अर्याल, सदस्य नारायण पासवान र रमेश भण्डारी रहेको समितिबाट भएका सबै अनियमितताहरूको स्वतन्त्र र निष्पक्ष छानबिन गर्न गराउन जोडदार माग गरिएको छ ।

नेपाली काङ्ग्रेसको भातृसंगठन जनसम्पर्क समिति र संघिय लोकतान्त्रिक राष्टिय मंचको भातृसंगठन संघिय लिम्बुवान सामाजिक मंच साउदीले समेत प्रेश बिज्ञप्ती प्रकाशित गरी अनियमितताको ध्यानाकर्षण गराएको थियो ।

निर्वाचन समिति, संघको राष्ट्रिय समन्वय परिषद साउदी अरब र गैर आवासिय नेपाली संघ अन्तराष्ट्रिय समन्वय समितीलाई जानकारी गराउदा समेत सुनवाइ नभएको साउदी अरबबाट लिम्बुवान सामाजिक मंच सल्लाहाकार श्रीलिम्बुले जानकारी दिए ।

अध्यक्षको उमेदवार रहेका रोशन श्रेष्ठले आफुले पटक पटक निर्वाचन समिती र राष्ट्रिय समन्वय समितीलाई ध्यानाकर्षण गराउदा समेत सुन्वाइ नभएको प्रती दुःख व्यक्त गरेका छन।

उनले आफु विगत ८ वर्षदेखि निरन्तर सकृय भई कार्यसमितिमा उपाध्यक्ष र आठौं अधिवेशनको अध्यक्षको प्रत्यासी रहेको र एनआरएनए एनसीसी साउदी अरेबियाको आठौं महाधिवेशनमा अध्यक्षको प्रत्यासी भएको हैसियतले एवम संस्थाको गरिमालाई मध्यानजर गर्दै संस्थाको आठौं अधिवेशनका लागि संस्था र निर्वाचन समितिले गरिरहेका गतिविधि बारे जानकारी गराएको तर सुनुवाइ नभएको बताए ।

'उम्मेद्वार भएको हैसियतले आफुले निर्वाचन समिति, वर्तमान कार्यसमितिका अध्यक्ष, आईसिसिका वहालवाला अग्रज पदाधिकारीहरूको समेत ध्यानाकर्षण गराउनु कर्तव्य ठानेको छु ।' अध्यक्षका प्रत्यासी श्रेष्ठले भने ।

विधान विपरित कार्यसमितिले अधिवेशन प्रतिनिधिहरू छनौट गरेको, निर्वाचनको तालिका विपरित निर्वाचन समितिले मतदाता नामावली प्रकाशन गरेको, निर्बाचन कार्य तालिका तथा आचार संहिता अनुरुप बुंदा नम्बर ४ अनुसार मतदाताहरूको अन्तिम सुची प्रकाशन गर्ने मिति ९ जुलाई तोकिएको तर निर्बाचन समितिले २६ जुलाई मा सुची सार्बजनिक गरेकोआरोप लगाएका छन ।

त्यसैगरी विधानको धारा १४ को उपधारा ३ मा प्रत्येक २० जना पंजीकृत सदस्य बराबर १ जनाको अनुपात मा महाधिबेसन प्रतिनिधि चयन गरिने भएपनि सो वमोजिम नभएको उल्लेख छ ।

निर्वाचन समितिले जारी गरेको सुचनाको खण्ड क वमोजिम एनसिसि र आईसिसिका पुर्व पदाधिकारीहरूको नामावली प्रकाशन नगरेको, संस्थामा महत्वपुर्ण योगदान गरेका आग्रजहरू प्रतिनिधिको रुपमा चयन नगरी २ महिना अघि वनेका सदस्यहरूलाई मनोमानी ढंगले प्रतिनिधिमा राखेर अग्रजहरूको भावनामा खेलवाड गरेकोभनि श्रेष्ठले संस्थाको निर्वाचनमा असन्तुष्टी पोखेका छन।

संस्थाको कार्यसमिति भित्र छलफल र निर्णय नै नगरी प्रतिनिहिरू चयन गरिएकोर गत ३० जुलाईमा भएको निर्वाचनमा मतदान कसरी गरियो,कुन विधि अपनाइयो भन्ने कुराको जानकारी स्वयम अध्यक्षको प्रत्यासी लगायत प्रतिनिधिहरूलाई समेत नभएको रोशन श्रेष्ठको दावी रहेको छ।

उनले संस्थाका अध्यक्ष कुमार पन्त, उपाध्यक्ष बद्री केसी, संस्थाका प्रबक्ता लगायतलाई यस बिषयमा पत्र पठाउदा समेत कुनै किसिमको सुनवाई नभएको भन्दै माथि देखिकै सेटिङ्गमा निर्वाचनमा चरम् धाधली भएको आरोप लगाएका छन।

गैर आवासिय नेपालीहरूको छाातासंगठनको रुपमा रहेर विश्वभरका नेपालीहरूको सारथी बन्दै गरेको एनआरएनए संस्थाले यसरी दम्भ र घमण्डले निर्वाचन गर्नुले संस्था प्रती आम नेपालीमा बितृष्णा पैदाहुने गैर आवासिय नेपालीहरूको ठहर छ ।

संस्थाले सबै पक्षको बिरोधको बावजुत पनि गत जुलाई ३० गते निर्वाचन सम्पन्न भएको भन्दै एक पक्षरुपमा डम्बर यादवलाई बिजयी घोषणा गरेको थियो । अध्यक्षका प्रत्यासी श्रेष्ठले निर्वाचनमा धाधली भएकाले पुन निर्वाचन गराई एनआरएन साउदीको साखलाई कायम राख्न माग गरेका छन ।

प्रेरक

## कसैको धोको किन बाँकी राख्ने ?

गौतम बुद्धले चालीस वर्षको उमेरमा बुद्धत्व प्राप्त गरेका थिए । आफ्नो आयुको चालीस वर्ष उनले आफ्ना भक्तहरूसँग बिताए । शिष्यहरूलाई दिनहुँ उपदेश दिनमा नै उनले आधा जीवन खर्चिएका थिए । पृथ्वीका जीवहरूको आत्मा समान हुन्छ, सबैको जीवन प्यारो हुन्छ कुनै पनि जीवको हत्या वर्जित छ भन्दै चेलाहरूको आँखा खोलिदिन्थे उनी । अंगुलीमाल जस्ता आततायीले समेत हिंसाको बाटो त्यागेर बौद्धमार्गी बने । बुद्धको प्रवचन सुन्न मानिसहरूको भीड लाग्थ्यो । बुद्ध जहाँ जहाँ पुग्थे ज्ञान नै बाँड्दै हिँड्थे । जीवनको उत्तरार्द्धमा उनी शारीरिक रुपले निकै कमजोर बनेका थिए । सारनाथमा बसेर उनी आफ्ना शिष्यहरूलाई उपदेश दिन थालेका थिए । उनको उपदेश अर्थात् प्रवचन सुन्न टाढाटाढाबाट पनि मायिनसहरू उपस्थित हुन्थे । बुद्धको प्रवचन सुन्न एउटा मानिस पनि सधैं आउने गर्थ्यो । तर ऊ सधैं हतारमा हुन्थ्यो । एक दिन प्रवचन सुन्थ्यो र हिँडिहाल्थ्यो । हिँड्ने बेलामा त्यो मानिस बुद्धलाई नतमस्तक भएर अभिवादन गर्थ्यो । प्रवचन सुन्ने तर त्यसको वास्ता नगर्ने अनौठो स्वभाव थियो उसको । बद्धका उपदेशको ऊ पालना गर्दैनथ्यो । तर एकछिन भए पनि उपदेश सुन्न भने कहिल्यै चुक्दैनथ्यो ।

बुद्ध ८० वर्ष पुगिसकेका थिए । अब उनी महानिर्वाणमा जान चाहन्थे । उनले एक दिन सबै शिष्यहरूलाई बोलाएर भने तिमीहरूलाई कुनै प्रश्न सोध्नु छ कि मसँग ? अरु केही ज्ञान प्राप्त गर्न बाँकी छ कि ? शिष्यहरू मुखामुख भए । बुद्धले सबै प्रकारका ज्ञानहरू दिइसकेका छन् अब जान्नुपर्ने कुरा के छ र ? शिष्यहरूले अब कुनै उत्सुकता बाँकी नरहेको बुद्धसँग आग्रह गरे । बुद्धले त्यसपछि भने अब म समाधिमा बस्छु । महानिर्वाणतर्फ अब मेरो यात्रा हुनेछ । चेलाहरूले रुँदै त्यसो नगर्न बुद्धलाई भने पनि बुद्धले मानेनन् । बुद्धले चारैतिर आँखा दौडाए र सोधे खोइ त्यो मानिस त आज आएन नि ? यति भन्दै वृक्षमुनि बुद्ध समाधिमा बसे । एकछिनमा त्यो मानिस आयो र बुद्धको खोजी गऱ्यो । चेलाहरूले बुद्ध पटल बाँधेर अन्तर्ध्यानमा लिन हुनुहुन्छ उहाँ महाप्रस्थान गर्दै हुनुहुन्छ भने । त्यो मानिसले अन्तिम पटक बुद्ध भेट्ने इच्छा व्यक्त गऱ्यो । चेलाहरूले अब यो सम्भव छैन भनिदिए । त्यो मानिस र चेलाहरूबीचको संवाद सुनिरहेका बुद्ध ध्यानबाट जुरुक्क उठे । उनले चेलाहरूलाई भने त्यो मानिसलाई बोलाऊ । म जीवनको अन्तिम समयमा उसको मलाई भेट्ने धोको पूरा गर्न चाहन्छु ताकि बुद्धले मर्ने बेलामा पनि भेट दिएनन् भन्ने आरोप उसले लगाउन नसकोस् । त्यो मानिस बुद्धको समीपमा गयो र आफू सधैं हतारमा हुनुपरेको कारण सुनायो । काम र पारिवारिक झन्झटले आफूले उपदेश राम्रो सुन्न नपाएको बतायो र त्यसबेलादेखि भिक्षु बन्न राजी भयो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
व्यावहारिक समस्याले योजना स्थगन हुने देखिन्छ । मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ । स्वास्थ्य कमजोर रहनेछ भने कामको चाप बढ्नेछ । अप्ठ्यारा परिस्थिति सुल्झाउन जुट्नुपर्ला । परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । केही खर्च पनि बढ्नेछ । थकाइ र कमजोरीको अनुभूति हुनेछ । चुनौतीपूर्ण जिम्मेवारी वहन गर्नुपर्ने समय छ ।

### वृष
जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा दुस्ख पाइनेछ । समयमा निर्णय लिन नसक्दा काम बिग्रन सक्छ । बेसुरको वचनले अप्ठ्यारो पार्न सक्छ । अरूको फाइदाका लागि उपयोग भइएला । मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला । परिवारजनको सहयोगले मात्र काम बनाउन सकिनेछ । साँझतिर विवादास्पद कामको जिम्मेवारी आउन सक्छ । अध्ययनमा बाधा हुनेछ ।

### मिथुन
साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । मिहिनेतले व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन् । कामको उच्च मूल्यांकन हुनेछ भने लगनशीलताले विभिन्न अवसर दिलाउन सक्छ । रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । साँझतिर भने काम बिग्रने भयले सताउन सक्छ ।

### कर्कट
मान-सम्मान पाइने समय छ । बोलीको भरमा चिताएको काम बन्नेछ । विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले काममा साथ दिनेछन् । राम्रै फाइदाको योग छ । विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ । साँझतिर नियमित कामको नतिजा हातलागी हुनेछ । परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत पनि बढ्नेछन् ।

### सिंह
समय लागे पनि तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ । रोकिएका काम सम्पादन हुनेछन् र नयाँ काम पाइने योग छ । पारिवारिक जमघटले आनन्द दिलाउनेछ । साँझतिर परिस्थिति केही कमजोर रहनेछ । विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने समय रहेकाले सावधान रहनुहोला ।

### कन्या
भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । काम बिग्नाले दोहोर्याएर प्रयत्न गर्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ । तापनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । बसाइको स्थानान्तरण वा लामो यात्रा हुने सम्भावना छ । साँझतिर परिस्थितिले अलमल्याउन सक्छ । वादविवादमा अघि नसर्नुहोला ।

### तुला
व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित दाम प्राप्त हुनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम पनि बन्नेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । साँझतिर यात्राको प्रसंगमा खर्च हुन सक्छ । धनमाल सुरक्षामा विशेष सतर्कता अपनाउनुहोला ।

### वृश्चिक
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । साँझदेखि आयस्रोत बढ्नेछन् । स्रोत(साधन जुट्नाले कर्मको उचित प्रतिफल पाइनेछ ।

### धनु
काममा चुनौती सामना गर्नुपरे पनि स्थितिलाई सहज बनाउन सकिनेछ । तर उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । कामको चाप र जिम्मेवारी बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । विश्वास दिलाएर झुक्याउनेहरूले सताउन सक्छन् । साँझतिर रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा फाइदा हुनेछ । छोटो समयमा उपलब्धि हातलागी हुनेछ ।

### मकर
आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ । लेनदेनको विवादले अप्ठ्यारो पर्न सक्छ । काम बिग्रने भयले सताउनेछ परिस्थितिले चुनौतीहरूसँग सम्झौता गराउन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । परिस्थितिवश अरूका लागि अलमलिनुपर्ला ।

### कुम्भ
परिस्थिति रमाइलो देखिए पनि हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ । स्वतन्त्र रूपले काम गर्ने वातावरण नमिल्न सक्छ । आकस्मिक वादविवादले परिस्थिति बिग्रन सक्छ । सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य पनि प्रतिकूल रहनेछ । साँझतिर स्वास्थ्य कमजोर हुनाले नियमित काममा बाधा हुनेछ ।

### मीन
प्रतिस्पर्धामा उत्रनुपरे पनि विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे लाभ हुनेछ । भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । परिस्थितिको अनुकूलताले प्रतिष्ठा जोगाउन सफल भइनेछ । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । साँझतिर यात्राको प्रक्रिया अघि बढ्नेछ । पुरुषाथी काम सिद्ध गर्ने समय छ ।

# समाचार संक्षेप

## कुटपिटबाट मृत्यु, १ जना पक्राउ

धनुषा । क्षिरेश्वरनाथ नगरपालिका-६ बस्ने ४० वर्षीय टेङ्गा भन्ने ओम मलिकको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने २६ वर्षीया रिन्की देवी रायलाई शनिबार प्रहरीले पक्राउ गरेको छ ।

पुरानो रिसइवीको कारण रिन्की देवी, सोही ठाउँ बस्ने २५ वर्षीय राकेश कुमार राय कुर्मी र २५ वर्षीय रवि कुमार राउतले साउन १८ गते मादक पदार्थ सेवन गरी मलिकलाई कुटपिट गर्दा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । कुटपिटबाट गम्भीर घाइते भएका मलिकको न्यूरो अस्पताल विराटनगरमा उपचारको क्रममा मंगलबार बिहान मृत्यु भएको हो ।

## मोटरसाइकल दुर्घटनामा १ जनाको मृत्यु

चितवन । इच्छाकामना गाउँपालिका-३ कुरिनटारस्थित सडकमा बा.४६ प ३२० नम्बरको मोटरसाइकल र ग.१६ प ५५३१ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई मंगलबार दिउँसो दुर्घटना हुँदा ग.१६ प ५५३१ नम्बरको मोटरसाइकल चालक स्याङ्जा पुतलीबजार नगरपालिका-४ बस्ने २६ वर्षीय सुशील पोखरेलको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका अर्का मोटरसाइकल चालक भोजपुर कौवादुङमा गाउँपालिका-४ बस्ने २४ वर्षीय सन्दिप बस्नेत र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २१ वर्षीय जय कार्कीको सोही अस्पतालमा उपचार भइरहेको छ ।

## करेन्ट लागेर १ जनाको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-५ पृथ्वीनगरस्थित लोकराज शर्माको घरमा पलम्बर काम गर्ने क्रममा कैलाली घोडाघोडी नगरपालिका-४ बस्ने २६ वर्षीय दिपेन्द्र चौधरीको मंगलबार बिहान करेन्ट लागेर मृत्यु भएको छ ।

करेन्ट लागेर ढलिरहेको अवस्थामा फेला पारी उपचारको लागि मेडिकल कलेज कोहलपुर ल्याएकोमा उनको उपचारको क्रममा मृत्यु भएको हो ।

## नि:शुल्क मास्क वितरण

काठमाडौं । कोभिड-१९ संक्रमणको रोकथाम तथा जोखिम न्यूनीकरणका लागि नेपाल प्रहरीद्वारा संचालित 'तपाईंको मास्क खोई ?' कार्यक्रम अन्तर्गत पछिल्लो २४ घण्टामा ३१ हजार २ सय २९ जनालाई निस्शुल्क मास्क वितरण गरिएको छ । कार्यक्रम अन्तर्गत गत वैशाख ६ गतेदेखि हालसम्म जम्मा ५ लाख ९१ हजार ७ सय ४० जनालाई निस्शुल्क मास्क वितरण गरिएको छ ।

नयाँ भेरियन्ट सहितको कोभिड(१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा यसबाट सिर्जना हुन सक्ने समस्या र चुनौतीलाई दृष्टिगत गरी संक्रमण रोक्न तोकिएको सुरक्षा मापदण्डलाई दुरुस्त रुपमा कार्यान्वयनका लागि नेपाल प्रहरीले 'संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं' भन्ने नारा सहित 'तपाईंको मास्क खै ?' लगायतका विभिन्न सचेतनामूलक कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिरहेको छ ।

कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि स्थानीय प्रशासनद्वारा जारी गरिएको निषेधाज्ञा उल्लंघन गर्ने २ सय ४९ जनालाई २४ हजार ९ सय रुपैयाँ जरिवाना गरिएको छ । सो क्रममा स्वास्थ्य मापदण्ड उल्लंघन गर्ने १० हजार ८ सय २२ जनालाई रोकी सम्झाई बुझाई छाडिएको छ । साथै देशभर सञ्चालित माईकिङ, प्लेकार्ड, पर्चापम्प्लेट सहितको २ सय ५० वटा सचेतनामूलक कार्यक्रम अन्तर्गत ३८ हजार ९ सय ७३ जनालाई सचेत गराइएको छ ।

## सवारी दुर्घटनामा ३ जनाको मृत्यु

काठमाडौं । बारा, जितपुरसिमरा उपमहानगरपालिका-२ स्थित सडकमा ना.७ ख.५३९ नम्बरको ट्रकले ना.५१ प.२०६५ नम्बरको मोटरसाइकललाई सोमबार साँझ ठक्कर दिंदा मोटरसाइकलमा सवार पर्सा वीरगंज भिस्वाहा बस्ने १८ वर्षीया निता सिंहको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको अल्पाईन अस्पताल हुँदै नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजमा थप उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

महोत्तरी, पिपरा गाउँपालिका-६ रतौलीस्थित सडकमा मोटरसाइकल आफैं अनियन्त्रित भई पिपलको बोटमा ठोक्किएर सोमबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक बलवा नगरपालिका-७ बनौटा बस्ने ३२ वर्षीय रामबिनोद यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाईते भएका उनको जानकी हेल्थ केयरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

चितवन, भरतपुर महानगरपालिका-१० लायन्स चोकस्थित सडकमा ट्रकले मोटरसाइकललाई सोमबार राति ठक्कर दिंदा मोटरसाइकल चालक माडी नगरपालिका-८ खरकट्टा बस्ने ५३ वर्षीय कुमार पौडेलको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाईते भएका उनको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मंगलबार बिहान मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## मृत अवस्थामा ३ जना फेला

काठमाडौं । अछाम, साँफेबगर नगरपालिका-३ प्रभाली खोलाको किनारमा चौरपाटी गाउँपालिका-६ बस्ने ५५ वर्षीय राम बहादुर साउद सोमबार मृत अवस्थामा फेला परेका छन् । कपिलवस्तु, बुद्धभूमि नगरपालिका-९ इमिलिया गुडुङ बस्ने ६२ वर्षीय ज्ञान प्रसाद भुसाल आफ्नै घरदेखि ५ सय मिटर टाढा सडकमा सोमबार मृत अवस्थामा फेला परेका छन् । सोलुखुम्बु, लिखुपिके गाउँपालिका-२ बस्ने ३१ वर्षीय राजेन्द्र बस्नेत सोही गाउँपालिका-३ राङ्दास्थित लिखु खोलामा सोमबार मृत अवस्थामा फेला परेका छन् ।

## खोलाले बगाएर ३ जनाको मृत्यु

काठमाडौं । दाङ, तुलसीपुर उपमहानगरपालिका-४ सिम्लेनी बस्ने ३६ वर्षीया अमृता घती र उनकै २ बषीय छोरा रूद्र घतीको सोही ठाउँस्थित ग्वार खोलाले बगाएर सोमबार दिउँसो मृत्यु भएको छ । घरबाट सोही उपमहानगरपालिका-१९ पतेनी जाने क्रममा खोलाले उनीहरूलाई बगाएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय तुलसीपुर र प्रहरी चौकी बिजौरीबाट खटिएको प्रहरीले स्थानीयको सहयोगमा खोजी गर्ने क्रममा सोही खोलाको छेउमा शव फेला पारेको हो । धादिङ, गजुरी गाउँपालिका-४ गौखोला बालुवाडाँडा बस्ने ६४ वर्षीया लालमाया तामाङको सोही ठाउँस्थित गौं खोलाले बगाएर सोमबार दिउँसो मृत्यु भएको छ । गजुरीबाट घरतर्फ जानको लागि उक्त खोला तर्ने क्रममा खोलाले बगाएकोमा करिब १ सय मिटर टाढा खोलाको किनारामा शव फेला परेको हो ।

## चट्याङ लागेर १ जनाको मृत्यु

रुकुम -पश्चिम) । आठबिसकोट नगरपालिका-१४ घेत्मा बस्ने नरेन्द्र खड्काको गोठमा चट्याङ पर्दा उनकै छोरा ५ वर्षीय दिपक खड्काको सोमबार साँझ मृत्यु भएको छ । गोठमा खेल्दै गरेको अवस्थामा चट्याङ लागेर वेहोस भएका उनको मिसन अस्पताल चौरजहारीमा उपचारको क्रममा मृत्यु भएको हो । चट्याङमा परी २ वटा भैंसी समेत मरेका छन् ।

## डुबेर २ जना मृत्यु

काठमाडौं । सप्तरी, बिष्णुपुर गाउँपालिका-६ गोरगामा बस्ने ललन मुखियाकी छोरी २ वर्षीया रिया मुखियाको खेल्नेक्रममा घर नजिकै रहेको पोखरीमा डुबेर सोमबार मृत्यु भएको छ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Lofty = चुलिएको Lofty mountains are the beauties of our landscape (चुलिएका पहाडहरू नेपाली धरातलका सौन्दर्यहरू हुन )

Motley= बहुरंगी In former times, jesters in West used to wear motley coat (पहिले पहिले पश्चिमी देशहरूमा हास्यब्यंग्य गर्नेहरूले वहुरंगी कोट लगाउदथे )

Neologism = नया वनाएको शब्द The development in the field of technology has invented also neologisms (प्रविधिमा भएको विकाशले नया शब्दहरूको पनि आविष्कार गरेको छ )

Orgy = उन्माद, अनियन्त्रीत किसिम वा प्रवृत्ति As she found her big amount of lost money she indulged in an orgy of shopping (हराएको ठूलो धनराशी प्राप्त भएकोमा तिन्ले अनियन्त्रित किसिमले किनमेल गर्नमा आफूलाई लगाइन

Propensity = सिधा स्वभाव Convinced of her own talent, she developed in her unfortunate propensity to belittle others' talent (आफ्नो क्षमता प्रति कुनै भ्रम नभएकोले अरूको क्षमतालाई कम आक्ने दुर्भाग्यपूर्ण स्वभावको उन्मा विकाश भयो )

Putrid = दुर्गन्धपूर्ण No sooner than did the scavenger uncover the organic waste dumped beside the street, a putrid smell environed (खातेहरूले फोहोरको थुप्रो के खोतलेका थिए, दुगंन्ध जताततै फैलियो ।

Rococo = अतिनै कलापूर्ण Medieval time was characterized by rococo style of furniture (मध्यकालिन समयको विशेषता भन्नुनै कलापूर्ण फर्निचरहरू थिए )

Susceptible = सजिलै प्रभावित हुने, ग्रसित हुने Human beings having weak immune system can be susceptible to any disease (कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू सजिलै कुनै पनि रोगबाट ग्रसित हुन सक्तछन)

Trifling = वेमतलवको, साधारण For such a trifling cold, no one should bother about taking medicine (यस्तो साधारण रुघाको लागि कसैले पनि औषधि खाने कि नखाने भन्ने चिन्ता गर्नु वेकार छ )

Unison = सुर मिलेको, एकै स्वरको, The choir sang in unison hypnotized all the spectators (एकै स्वरको समूह गानले सबैलाई मन्त्रमुग्ध)

# Sit बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Sit on somebody = कसैलाइ रोक्नु I have to sit on the class when they make to much noise जव तिनीहरूले कक्षामा हल्ला गर्छन मैले तिनीहरूलाई रोक्नै पर्छ ।

Sit out = वाहिर वस्नु Lets' sit out, the garden is lovely बंगैचा सुन्दर छ वाहिरनै वसौं ।

Sit something out = पछि सम्मै वसिरहनु Although the lecture was not interesting, we had to sit it out प्रवचन चाखलाग्दो नभएतापनि त्यसलाइ सुन्दै हामी पछि सम्मै वस्न पऱ्यो ।

Sit through something = केही कुरामा शुरु देखि अन्त्य सम्म रहनु I could not sit through the programme for three hours even if it was interesting कार्यक्रम चाखलाग्दो हुदाहुदैं पनि म ३ घण्टासम्म वस्न सकिन ।

Sit up for somebody = कसैलाइ कुर्नु I will come back late night so do not sit up for me म रातमा ढिला गरी फर्कन्छु होला मलाइ नकुर्नु ।

Sit up = उठन सक्ने हुनु The patient is well enough to sit up in bed now विरामीलाइ राम्रै छ आफै ओछ्यानबाट उठ्छ ।

Sit somebody up = उठाउनु The mother sat the baby up to feed आमाले वच्चालाई खुवाउन भनेर उठाइन ।

Sit down = विरोध स्वरुप कब्जा गर्नु The workers sat down factory until their demands were met आफनो माग पुरा नहुञ्जेल कामदारहरूले विरोध स्वरुप उद्योग कब्जा गरे ।

## सुडोकु-अंक २२९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | | | | |
| ६ | | | २ | | ८ | | | ४ |
| | ९ | १ | ६ | | ४ | २ | ५ | |
| ९ | | ५ | | | | १ | | २ |
| | | | | २ | | | | |
| ४ | | ७ | | | | ६ | | ५ |
| | ६ | ४ | १ | | ५ | ८ | ७ | |
| ३ | | | ४ | | २ | | | ९ |
| | | | | ६ | | | | |

## अंक २२८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | १ | ३ | ८ | ६ | २ | ७ | ५ | ९ |
| ६ | ७ | ९ | ३ | १ | ५ | ८ | २ | ४ |
| २ | ५ | ८ | ७ | ९ | ४ | १ | ६ | ३ |
| ८ | ९ | २ | १ | ५ | ३ | ६ | ४ | ७ |
| १ | ४ | ७ | २ | ८ | ६ | ९ | ३ | ५ |
| ५ | ३ | ६ | ९ | ४ | ७ | २ | ८ | १ |
| ३ | ६ | १ | ५ | २ | ९ | ४ | ७ | ८ |
| ७ | ८ | ४ | ६ | ३ | १ | ५ | ९ | २ |
| ९ | २ | ५ | ४ | ७ | ८ | ३ | १ | ६ |

# The Great Heroic Spirit of the Victorious Wartime Generation Will Be BrilliantlyCarried Forward- Speech at the Seventh National Conferenceof War Veterans July 27, Juche 110 (2021)

KIM JONG UN

**Esteemed comrade war veterans,**

As I am seeing you again, an elder generation of our revolution whom we always respect and regard as our role models, and celebrating the great Victory Day for our motherland with you, I cannot suppress the surging happiness and emotion.

The history of the great victorious war, which our state and people will remember with dignity and pride for generations, is their greatest asset that cannot be bartered for anything in the world.

Moreover, it is the greatest blessing and glory for our generation to frequently arrange a conference to see the war veterans, who were the masters and witnesses of the legendary heroic era.

I extend warm thanks and make a deep bow to you, esteemed war veterans, who created the legendary tale of miraculous victory in the fierce three-year war, heroically glorified your era and are now participating in the celebrations of V-day looking hale and hearty, and to all other veterans of the Fatherland Liberation War and the people of wartime merits across the country.

I pay a noble tribute to the martyrs of the People's Army and all other patriotic martyrs, who dedicated their youth and even lives in defence of the sovereignty and honour of their country, and extend warm congratulations to all the people who are greeting the July 27 Victory Day amid a strenuous powerful struggle. I also pay a noble tribute to the martyrs of the Chinese People's Volunteers, who shed their precious blood unsparingly in the same trench with our soldiers against the imperialist invasion in the most trying days of our country, and extend warm greetings to other veterans of the CPV.

**Esteemed comrade war veterans,**

The feats which the victorious wartime generation, the second generation of our revolution, performed shine brilliantly as a historic landmark of great significance in the glorious course of development of our Republic.

All that is valuable for our powerful and beautiful Korea is linked to the feats of the great generation represented by you.

The free life of the tens of millions of our people, our genuine system, our beautiful mountains and rivers, our vast fertile plains and our precious natural resources–all these are unthinkable separated from the feats performed by the numerous warriors who defended every inch of the land of their country at the cost of their blood.

As the courageous defenders of the country in the 1950s repulsed the invasion of the brigandish US imperialists at the cost of their lives, their descendents of several generations have been able to enjoy up to now the dignity of an independent people free from sufferings of slaves.

Because the victorious wartime generation performed the great feats of defeating the armed invasion by the US imperialists and their vassal states and bringing about the unprecedentedly significant event–victory in the war–the destiny and future of the country could be saved and we, their descendants, could inherit the great fame and honour of being heroic Korea and heroic people.

**Dear comrades,**

The most valuable of the feats of the victorious wartime generation which are etched in the annals of our country in golden letters is their heroic fighting spirit and trait.

The fighting spirit which produced the great victory and miracle will never fade out no matter how much time may pass, and it constitutes an inexhaustible source that produces new victories and miracles.

When we recall the great heroic spirit displayed by the victorious wartime generation, we can find nothing that does not strike the world people with wonder and move their hearts.

For the Party and the leader and to carry out the pledges they had made before the leader, the People's Army soldiers turned out without hesitation in do-or-die battles and displayed an unyielding courage, looking up to the Supreme Headquarters, even in the jaws of death. Their indomitable mental strength produced world-startling legendary tales of winning battles in the war.

As I always remind myself, whenever I meet you, war veterans, I can vividly picture the state of arduousness and gruesomeness of the Fatherland Liberation War and the fierce hand-to-hand fighting against the enemy, and think once again whether we are now struggling as the wartime warriors did.

Then, it makes me bow in spite of myself to the victors of the great years, who gave full play to such an indomitable and courageous mental strength against the most tremendous challenges and dangers of those days.

Even though they performed brilliant merits for the freedom and independence of their motherland and for the life of the coming generations, our victorious wartime generation has never demanded any reward for having shed blood. It was the victorious wartime generation who readily shouldered the weighty tasks of healing the wounds of the war and reconstructing the country from ruins.

Both the warriors who had returned from the front and those who had fought undauntedly in the rear regarded it as their natural duty, obligation and responsibility to overcome misfortunes and sufferings and to perform faster the tasks scores of times greater than their own, by undertaking the shares of their fallen comrades-in-arms, mindful of their requests.

In response to the call of the great leader Comrade Kim Il Sung to display the mettle of the Koreans in the postwar reconstruction as well by building bigger and more splendid things instead of simply restoring them, the victorious wartime generation started the building of an independent powerful country from scratch. They created new things from nothing and turned what was impossible to possibility, making ten, nay a hundred steps, while others were taking only one.

Thanks to the honourable constructors who displayed fortitude with their belts still tightened in the struggle against time, heroic Korea gained even more brilliant image–Chollima Korea–and the historic task of simultaneously promoting economic construction and upbuilding of national defence, a shortcut to a rich country with a strong army, could be accomplished with success.

This great revolutionary generation created the splendid tradition of supporting the Party Central Committee absolutely and defending it with a revolutionary upsurge, a tradition of struggle which our Party and people are emulating from one decade into the next; they also created the lofty collectivist climate and communist human relationships of one for all and all for one.

Thanks to the self-sacrificing and devoted struggle of the victorious wartime generation, the iron truth of Juche that it is possible to create a new life even on the debris and be well off as long as there is the people, the territory, the Party and the government has been proved to be a brilliant reality.

In every decade of socialist construction our war veterans and people of wartime merits, always thinking about whether they were living as they had done in the war days when they had fought shedding blood and braving hails of bullets and gunfire, worked at their posts invariably and have led the rising generations to live and struggle uprightly and steadfastly.

This is the lofty spiritual world of the victorious wartime generation, which we all respect and appreciate.By inheriting the great heroic spirit of the victorious wartime generation, our Party and people have been able to overcome the arduous trials in the struggle for defending socialism, which were virtually as challenging as several wars, and perform with credit the great tasks facing the revolution.

The defenders and builders of the country in the 1950s, who defended our glorious DPRK with honour and created an immortal heroic spirit that has to be carried forward generation by generation, are, indeed, benevolent persons and excellent teachers who deserve to be praised and emulated for generations to come.

**Comrades,**

Our people and new generations have a special feeling of dignity and pride which cannot be compared to anything in the world, that they are the descendants of the great victorious wartime generation.

The honourable mission of the descendants of the great victorious wartime generation is to make the country, which was defended and built by the forerunners, stronger and prosper for ever by brilliantly carrying forward the great tradition of victory and heroic spirit which were created under the leadership of the great leaders and the great Party.

The generation, who are fully aware of this sacred historic mission and duty, can never degenerate or collapse, but advance valiantly and stoutly.

Whenever we are faced with a new challenge and gigantic tasks, we are reminded of the elder generation of the revolution, the victorious wartime generation, who faced earlier challenges and tasks more formidable than the current ones and coped with them. Today the difficulties and obstacles caused by the world health crisis unprecedented in history and the protracted blockade are no less harsh for us than those in the wartime situation.

However, just as the victorious wartime generation displayed the greatest courage and brought about the greatest victory and honour in the face of the greatest national trials, so our generation, by carrying forward the fine tradition, will turn the present difficulties into a fresh greater victory. Even if we may encounter worse hardships than now on the road of building a powerful socialist country, we will never stop but rush forward with vigour towards the struggle objectives we set by carrying forward the heroic spirit of the victorious wartime generation.



We will, without fail, turn this land, to which the warriors of the war dedicated their priceless lives and the war veterans have devoted their lifelong honest efforts of patriotism, into a prosperous and powerful country where all the people enjoy happiness with nothing to envy.

To this end, our Party is going to make sure that the valuable ideological and spiritual wealth of the victorious wartime generation becomes an integral part of all the people, service personnel and rising generations and the nourishment for their genuine life and struggle.

We will ensure that the staunch revolutionary spirit with which that generation placed absolute trust in our Party alone and carried out its decisions at the cost of their lives, the death-defying spirit with which they never hesitated to sacrifice their lives with every confidence in their strength and the victory when the country was at the crossroads of life or death, the indomitable fighting spirit with which they vigorously turned out in rehabilitation and construction braving hardships and difficulties, and the ennobling collectivist spirit with which they created a fresh socialist life by supporting and caring for one another even in the teeth of hardships remain alive and pulsate in today's struggle and life.

We will ensure that everyone never forgets the history of brilliant victories and struggle in the Fatherland Liberation War, the postwar rehabilitation and the era of the grand Chollima upsurge, all of which are an excellent textbook of ardent patriotism, that every work place and military post always resounds with the wartime songs and songs of creation and construction, and that fresh miracles and feats are continuously created amid the practical struggle for implementing the Party's policies.

**Dear comrade war veterans,**

With the historic Eighth Party Congress as a momentum, the cause of building socialism of our own style has greeted a new dynamic era and the whole country is vibrant with a soaring spirit.

Our revolutionary armed forces are fully prepared to cope with any change of the situation or any threat and stand firmly at the outposts of national defence and socialist construction while consolidating their might to be ever-more invincible by dint of heroic combat spirit and ennobling political and moral traits.

Tens of thousands of persons of younger generation, carrying forward the excellent spirit and mettle of the victorious wartime generation, volunteer to work at the fronts at the call of the Party.

The gains of the revolution the victorious wartime generation won at the cost of blood remain stout, and the future of our state and our socialist cause is bright.

Even if you do nothing and only if you remain healthy, it is a great inspiration to our Party and people and a great encouragement to our revolution.

On the occasion of 68th anniversary of the victory of the great Fatherland Liberation War, I extend once again my heartfelt thanks to our precious war veterans and people of wartime merits and wish every one of you long life in good health.

The great heroic spirit of the victorious wartime generation will shine for ever and be carried forward stoutly.

Long live the great July 27 Victory Day!

Long live our great motherland, the Democratic People's Republic of Korea!

## साझा प्रकाशन...

हुने गरी कामलाई अघि बढाउने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा निवर्तमान महाप्रबन्धक होमप्रसाद गौतमलाई विदाइ गरिएको थियो । साझा प्रकाशनका वरिष्ठ अधिकृत होमनाथ भट्टराईसहितका कर्मचारीहरूले नवनियुक्त महाप्रबन्धक पोखरेललाई स्वागत गरेका थिए भने निवर्तमान महाप्रबन्धक गौतमलाई विदाइ गरेका थिए ।

## एमालेले...

हेरिरहेको छु' आफ्नै कार्यकक्षमा बुधबार पत्रकारहरूसँग उनले बताएका छन् । प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीले मंगलबार प्रतिनिधिसभा बैठकमा एमसीसी सम्झौताका विषयमा सत्तारुढ गठबन्धनले साझा न्यूनतम कार्यक्रममा केही उल्लेख नगरेको भन्दै प्रधानमन्त्री देउवासँग स्पष्ट धारणा माग गरेका थिए । सभामुख सापकोटाले प्रतिपक्षी दलका नेता ओलीले भनेको कुरा सदनले सुनेको प्रतिक्रिया दिएका छन् । 'निवर्तमान प्रधानमन्त्रीका कुरा सदनले सुनेको छ । सदनमै छलफल भए सबैतिर जान्छ' उनले भने । सापकोटाले ओली प्रधानमन्त्री भएका बेला पनि आफूले एमसीसी सम्झौताको विषयमा सहमति कायम गर्न सुझाव दिएको बताए । एमसीसी सम्झौताका विषयमा सत्तारुढ नेकपामा स्पष्ट दुई धार थियो । ओली पक्षीय नेताहरू हुबहु अनुमोदन गर्नुपर्ने पक्षमा थिए । इतर पक्षले भने परिमार्जनपछि मात्रै अनुमोदन हुनुपर्नेमा जोड दिएको थियो ।

अमेरिकाले नै हो नेपाललाई सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्यता दिलाउन सहयोग गरेको । त्यसबेला सोभियत संघको नेतृत्वमा स्टालिन थिए । नेपाललाई सदस्यता नदिन उनले भिटो पावर नै प्रयोग गरेका थिए । जुनसुकै नियत र उद्देश्य राखेर भए पनि अमेरिकाले राष्ट्रसंघको सदस्य बन्न नेपाललाई सहयोग गरेर नेपालको सार्वभैमिक अस्तित्व रक्षामा पु¥याएको योगदान अविस्मरणीय छ । तर पछिल्ला केही दशकभित्र नेपालको आन्तरिक जीवनमा अमेरिका जसरी सूक्ष्म रुपमा उपस्थित भइरहेको छ, त्यो सन्देहपूर्ण छ । शिक्षा र स्वास्थ्यको क्षेत्रमा काम गर्न भनेर अमेरिकी पिसकोर स्वयंसेवकहरू खटाइएका थिए तर तिनीहरूले अतिरिक्त क्रियाकलाप गरेर सन्देह उत्पन्न गराए । राप्ति एकीकृत विकास परियोजना लिएर पनि राप्तिमा अमेरिका छिरेको थियो । ४७ वर्षअघि अमेरिकाले खम्पा विद्रोहीहरूलाई मुस्ताङमा सशस्त्र तालिम दिएको थियो । मुस्ताङमा अमेरिकन हिमालय फाउन्डेसनका नाममा एउटा अमेरिकी गैरसरकारी संस्था २०३७ सालदेखि कार्यरत छ । यो संस्थाको नाममा त्यहाँ सधैं अमेरिकी अर्धसैनिक जासुसहरू काम गर्छन् । तिब्बती जातिका बालबालिकाको शिक्षा र स्वास्थ्यमा सहयोग गर्ने घोषित नीति यो संस्थाको भए पनि भित्री रुपमा चीन विरोधी गतिविधि गर्नुरहेको छ । नेपाल सार्वभौम मुलुक हो । नेपालले आफ्नो विकासका लागि जुनसुकै मुलुकबाट सहयोग लिन अथवा नलिन सक्छ । मुख्य कुरा नेपालको भूमि अर्को छिमेकी मुलुकविरुद्ध प्रयोग हुन नदिनु हो । अमेरिकाले एमसीसीमार्फत नेपालमा चीन विरोधी अभियान सक्रिय बनाउन खोजेको छ । एमसीसी इन्डो प्यासिफिक स्ट्राटेजी (आइपिएस) कै एक कडी हो । नेपालमा आईपिएस प्रवेश गर्नु चीनका लागि चिन्ताको विषय हो । नेपाल पनि विदेशी राजनीतिको खेलमैदान हुनेछ । इन्डोप्यासिफिक रणनीतिले विकासमा साझेदारी सँगसँगै संयुक्त सैनिक अभ्यास र सैनिक क्याम्प राख्ने विषयलाई परोक्ष रुपमा समेटेको छ ।

अमेरिकाले दुई दशकअघि एसिया टिभोट अर्थात् एसिया पुनः सन्तुलन कार्यक्रम अगाडि सारेको थियो । शीतयुद्धका सम्पूर्ण अमेरिकी शक्ति तत्कालीन सोभियत संघविरुद्ध आर्थिक कूटनीतिक र सामरिक पाइला चाल्नमै खर्च हुने गरेको थियो । सन् १९९० पछि जब सोभियत संघ विघटन भयो तब विश्वमा अमेरिकी साम्राज्यको बोलवाला चलन थाल्यो । सोभियत संघको पतनपछि विश्वमा एकल हैकम चलाउने अमेरिकी सपना चीनको विकासबाट चकनाचुर भयो । एक्काइसौं शताब्दीको सुरुदेखि नै चीनको आर्थिक विकास तीव्र गतिमा अघि बढ्यो, अमेरिका र युरोप आर्थिक मन्दीले ध्वस्त हुँदा पनि चीनलाई कुनै असर परेन । सधैं कम्युनिस्ट फोबिया बोक्ने अमेरिकालाई कम्युनिस्ट सरकार भएको चीनको विकासले प्रताडित बनायो । त्यसमाथि चीनको विकास साझेदारी एसियाली मुलुक हुँदै अफ्रिकी मुलुकसम्म फैलियो । फलतः अमेरिकाले चीनको विकास रोक्न एसिया टिभोट कार्यक्रमलाई अगाडि सारेको थियो । सन् २००४ मा एसिया टिभोटको मुख्य अंगका रुपमा सहस्राब्दी चुनौती संस्था अर्थात् मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) लाई अमेरिकाका तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुसले सुरु गरे ।

एसिया टिभोट नामक अमेरिकी कार्यक्रमले एसिया तथा प्यासिफिक क्षेत्रका नेपाल, भारत, सिंगापुर, मलेसिया, इन्डोनेसिया, थाइल्यान्ड, अष्ट्रेलिया लगायत राष्ट्रलाई अमेरिकी गुटमा समावेश गराउने नीति अगाडि सारेको थियो । बाराक ओबामाले पनि एमसीसीलाई निरन्तरता दिए । डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति भएपछि एसिया टिभोटको नाम परिवर्तन गरेर इन्डोप्यासिफिक स्ट्राटेजी' (आइपीएस) राखियो । अनि एसिया टिभोटका कार्यक्रमहरू स्वतः आइपिएसभित्र पर्न गए । पूर्ववर्ती कार्यक्रममा रहेका विकासका साझेदारीभित्र ट्रम्पले सैनिक गठबन्धनलाई घुसाएर नयाँ रणनीति बनाए । सन् २०१८ मे २५ मा एमसीसीको एसिया तथा ल्याटिन अमेरिका हेर्ने डिपुटी भाइस प्रेसिडेन्ट जोनाथन ब्रुक्सको नेतृत्वमा एउटा प्रतिनिधिमण्डल नेपाल आयो । त्यो प्रतिनिधिमण्डलले ऊर्जामन्त्री, पूर्वाधार विकास मन्त्रीलगायत प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर एमसीसीलाई संसदबाट चाँडै अनुमोदन गराउन दबाब दियो । सम्झौता हुँदा नै यसलाई संसदबाट पारित गरिनुपर्ने सर्त राखिएको थियो । आइपीएस अमेरिकी सैनिक गठबन्धन हो र यसको मुख्य काम चीनको विकास रोक्नु हो । यसकै निम्ति अमेरिकाले चीन वरिपरिका थुप्रै मुलुकमा सैनिक अखडा राखेको छ । नेपालमा पनि अमेरिकी सैनिक रहेको कुरा नेपालका लागि अमेरिकी राजदूत च्याडी बेरीले स्वीकारिसकेका छन् । अहिले विभिन्न जिल्लाहरूमा अमेरिकी सैनिकहरू प्रवेश गरिरहेका समाचार सार्वजनिक भइरहेका छन् । नेपाल पाँच वर्षअघि नै बिआरआईमा औपचारिक रुपमा संलग्न भइसकेको छ । नेपाललाई बिआरआईमा सहभागी हुन नदिन दबाब दिने शक्ति नै अहिले आइपिएसलाई नेपालमा भित्र्याएर छिमेकी मुलुकविरुद्ध नेपाली माटो र व्यक्ति प्रयोग गर्ने ध्याउन्नमा लागेको छ ।

एमसीसी सम्झौतामा अमेरिकी सेनाको नेपालमा उपस्थितिबारे कहीं उल्लेख छैन न एमसीसी इन्डोप्यासिफिक कमान्डो अंग भएको व्यहोरा नै कतै अंकित छ । तथापि अमेरिकी पृष्ठभूमि र सामर्थ्यका आधारमा हेर्दा उसले जहाँसुकै जुनसुकै निहुँमा प्रहार गर्न सक्छ । नेपालको भूराजनीतिक अवस्थिति जटिल र संवेदनशील भएकाले भारतलाई विश्वासमा नलिई नेपालमा अमेरिकी सेना प्रवेश सहज सम्भव नहोला । तर एमसीसी परियोजनाको नाममा अमेरिकाले नेपालमा आफ्नो उपस्थिति सुदृढ बनाउन सक्ने र त्यसले छिमेकी मुलुक चीनलाई सशंकित बनाउँदा नेपालको असंलग्न परराष्ट्र नीति र व्यवहारमा गम्भीर प्रकृतिको क्षति पु¥याउने शंका र सन्त्रास बढाएको छ । एमसीसी परियोजनाको धारा ७ को दफा ७.१ मा एमसीसी सम्झौता र नेपालको राष्ट्रिय कानुन बाझिएको अवस्थामा प्रस्तुत सम्झौता नै लागू हुने प्रावधान छ । यो र योजस्तै दफाहरूले नेपालको संविधान, कानुन र सार्वभौमिक सर्वोच्चताको धज्जी उडाएको छ ।

## सरकारी...

महिनामा २२/२३ प्रतिशत खर्च रहेको उल्लेख छ ।

पाँच आर्थिक वर्षको तथ्याङ्क अनुसार असार महिनामा भएको औसत खर्च कुल खर्चको २३/१० प्रतिशत रहेको छ । विनियोजित बजेट खर्च हुन नसकी अपेक्षित उपलब्धि हासिल नभइरहेको अवस्थामा वर्षेनी बजेटभन्दा बाहिर गएर स्रोत सुनिश्चितता सहमति दिइएको अर्थमन्त्री शर्माले जानकारी गराएका छन् । उनले सडक पूर्वाधार तर्फ झण्डै ३ खर्बको र रेल पूर्वाधार तर्फ ५७ अर्ब रुपैयाँ विनियोजन बाहिरको स्रोत सुनिश्चितताको दायित्व बाँकी रहेको जानकारी गराए ।

अर्थमन्त्री शर्माले सरकारले कोषको अवस्थामा ध्यान नदिई बजेट निर्माण गर्ने गरेको कारण बजेट प्रतिको विश्वसनियतामा ह्रास आएको बताए ।

आर्थिक वर्ष २०७४/७५ मा संघीय सरकारको कुल खर्च १० खर्ब ८७ अर्ब हुँदा पुँजीगत खर्च २४।९ प्रतिशत भएको छ । यसैगरी आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारको कुल खर्च ११ खर्ब ८० अर्ब हुँदा पुँजीगत खर्च १९।३५ प्रतिशतमा सिमित हुन पुगेको छ । त्यसैगरी, आर्थिक वर्ष २०७४/७५ को कुल खर्चमा चालु खर्चको अनुपात ६४।१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा उक्त खर्च ७२।१ प्रतिशत पुगेको छ ।

आर्थिक वर्ष २०७३/७४मा पुँजीगत खर्चतर्फ विनियोजित रकमको ६६।९ प्रतिशत प्रगति हासिल भएकोमा आर्थिक वर्ष २०७५/७६ मा उक्त खर्च ७६।९ प्रतिशत हासिल भएको थियो । आर्थिक वर्ष २०७६/७७ मा पुँजीगत खर्चको प्रगति घटेर ४६।३ प्रतिशतमा सीमित रहेको र आर्थिक वर्ष २०७७/७८ मा पुँजीगत खर्चका लागि विनियोजित रकमको ६४।७ प्रतिशत मात्र खर्च भएको छ । यस्तै बजेट कार्यान्वयन क्षमतासँग मेल नखाने गरी प्रचारात्मक ढंगले बजेटको आकार वृद्धि हुँदै आएको सरकारले बताएको छ । आर्थिक वर्षको अन्तिम महिनामा उल्लेख्य खर्च हुने गरेबाट वित्तीय अनुशासन कायम रहन नसकेको तथा बजेटको प्राथमिकता र कार्ययोजना अनुरुप खर्च हुन नसकेको जानकारी गराएको हो ।

## मेची...

मेची नदीले यसरी नै तटीय क्षेत्र कटान गर्दै लैजाने हो भने भारतीय बस्तीसँगै नेपाली बस्ती बगाउने खतरा बढेको भारतीय नागरिकले बताए । ११२ सीमा पिलरनजिकै सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट पाठामारीले सुरक्षा दिइरहेको छ । सशस्त्र प्रहरीको पोष्ट पनि बगाउने अवस्थामा पुगेको स्थानीयवासीको भनाइ छ । सो सीमा पिलर जोखिममा रहेको भन्ने बारेमा एक वर्षअघि नै सम्बन्धित निकाय जानकार थियो । तर, कोरोना महामारीले त्यसलाई जोगाउन सकिएन ।

सीमा पिलरहरूमा केही समस्या देखापरेमा नेपाल-भारतको संयुक्त सीमा फिल्ड सर्वे टोलीले संयुक्त रूपमा स्थलगत निरीक्षण गरी त्यसलाई मर्मतसम्भार गर्नुपर्ने दुवै देशको सरकारको नीति छ । कोरोनाले गर्दा विगत डेढ वर्षदेखि झापासँग जोडिएको सीमा पिलरको स्थलगत निरीक्षण हुन नसकेको सशस्त्र प्रहरी बल नेपाल-२ नम्बर गण झापाका एसपी रमेशकुमार पाण्डेले बताउनुभयो ।

यसवर्ष मेची नदीले ११२ नम्बर पिलर बगाएसँगै १८ वटा पिलरमा क्षति पुगेको एसपी पाण्डेले जानकारी दिनुभयो । गत वर्ष मझौला र साना गरी १७ वटा र यसवर्ष एउटा मुख्य पिलरमा क्षति पुगेको हो ।

जिल्लाको १४४।२ किलोमिटर खुला सीमा क्षेत्रमा ८२ देखि १५२ नम्बरसम्मको सीमा पिलर छन् । अधिकांश सीमा पिलर मेची नदी आसपासमा छ । गत वर्ष भद्रपुर, कचनकवल, झापा गाउँपालिका र गौरीगञ्ज गाउँपालिका क्षेत्रका सीमा पिलर क्षति भएको हो । मुख्य ७० सहित मझौला र साना गरी कुल ९८८ वटा पिलर छन् । त्यसमध्ये १५० वटा पिलर मेची नदी र अन्य खोला आसपास छन् । ३५ वटा पिलर उच्च जोखिममा छन् ।

यसवर्ष डुबानमा परेका पिलरहरूको अनुगमन हुन सकेको छैन । बर्खा सकिएपछि मात्र ती पिलरहरूको अवस्था बुझ्न सकिने झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताउनुभयो । सीमाको पिलर हेर्ने जिम्मा सरकारले नापी विभागका उपसचिव शिव लम्साललाई तोकेको छ ।

## मुख्यमन्त्री...

सांसद छन् । यस्तै, अन्य दलमा विवेकशील साझा र नेमकिपाका तीन-तीनजना र राप्रपाका दुईजना सांसद छन् । सत्तारुढ एमाले भने ५६ सांसदसहित एकल बहुमतमा छ । पहिले ५७ जना सांसद रहेकोमा पशुपति चौलागाईंको निधन भएको छ । बहुमतका लागि बागमती प्रदेश सभामा ५५ जना सांसद भए पुग्छ ।

पार्टीभित्रको विवाद समाधान नभएमा नेपाल समूहमा रहेका २३ जना सांसदले पौडेलविरुद्ध विपक्षी गठबन्धनले ल्याउने अविश्वास प्रस्तावमा सहयोग गर्ने सम्भावना छ । एमालेको अर्को शक्तिशाली सरकार भएको प्रदेश १ पनि हो । तर, नेपाल खेमाले असहयोग गरेको खण्डमा अध्यक्ष ओली पक्षबाट मुख्यमन्त्री रहेका शेरधन राईको सरकार पनि ढल्नेछ ।

प्रदेश १ मा ९३ जना रहेकोमा विपक्षी दल कांग्रेससँग १५, माओवादी केन्द्रका १५, जसपाका तीनजना र राप्रपा तथा संघीय लोकतान्त्रिक मञ्चका एक-एक जना सांसद छन् । यसमध्ये सत्तारुढ एमाले भने ५२ जना सांसदसहित एकल बहुमतमा छ । तर, यसमध्ये १८ जना सांसद एमालेको नेपाल खेमाका छन् ।

उनीहरू केन्द्रबाट पाटी विभाजन वा नेता नेपालले विपक्षी गठबन्धनसँग सहकार्य गर्न निर्देशन दिएको खण्डमा मुख्यमन्त्री राईविरुद्ध उभिने सम्भावना छ । यी दुई सरकार पनि ढल्दा एमालेको ओली पक्ष सबै प्रदेशबाट पाखा लाग्नेछ ।

## नेपाल समूह...

अघि बढ्नुपर्ने हुन्छ' बैठकमा नेता नेपालले भनेका थिए ।

विवाद नमिल्दै अध्यक्ष ओली एकलौटी रुपमा अघि बढेकै कारण नेपालले आफूनिकट केन्द्रीय सदस्यहरूलाई फोनबाट वैकल्पिक शक्ति निर्माणको संकेतसहित तयारी रहन आग्रह गरेका हुन् । ओलीले भदौ २७ र २८ गते आयोजना हुने विधान महाधिवेशनमा प्रतिवेदन पेस गर्न मस्यौदा समिति गठन गरेपछि पार्टी एकताका पक्षमा रहेका नेताहरू चिढिएका छन् । ओली पक्षले विधान महाधिवेशनमा प्रतिवेदन पेस गर्न विभिन्न समिति बनाएको छ । राजनीतिक प्रतिवेदन मस्यौदा समितिको संयोजकत्वमा पार्टी अध्यक्ष ओली र सदस्यहरूमा वामदेव गौतम, रामबहादुर थापा बादल, प्रदीप ज्ञवाली, छविलाल विश्वकर्मा, सत्यनारायण मण्डल, विष्णु रिमाल, बिन्दा पाण्डे छन् । त्यसैगरी संगठनात्मक प्रतिवेदन मस्यौदा समितिको संयोजकमा पार्टी महासचिव ईश्वर पोखरेल र सदस्यहरूमा विष्णु पौडेल, टोपबहादुर रायमाझी, शंकर पोखरेल, किरण गुरुङ, पदमा अर्याल छन् । विधान संशोधन मस्यौदा समितिको संयोजकमा विष्णु पौडेल र सदस्यहरूमा सुवास नेम्बाङ, पृथ्वी सुब्बा गुरुङ, लेखराज भट्ट, रघुवीर महासेठ, राधा ज्ञवाली, भानुभक्त ढकाल र प्रभु साह छन् । व्यवस्थापन समितिको संयोजकमा रामबहादुर थापा बादल र सदस्यहरूमा मणि थापा, शेरबहादुर तामाङ, सुजित शाक्य, विनोद श्रेष्ठ, खिमलाल भट्टराई, महेश बस्नेत, पासाङ शेर्पा छन् ।

नेकपा पक्षभित्र पार्टी एकताकै पक्षमा रहेका नेताहरूले अझै पनि नेपाललाई वैकल्पिक शक्ति निर्माणका लागि अघि नबढ्न सुझाव दिएका छन् । तर नेता नेपालले अब ओलीबाट अपेक्षा गर्ने ठाउँ सकिएको भन्दै आफू अघि बढ्ने संकेत गरेका छन् । नेपाल पक्षले वैकल्पिक पार्टी गठन गर्नुपर्ने स्थितिमा केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको नामलाई समेत अन्तिम रुप दिने काम गरिरहेको छ । प्रतिनिधिसभा, राष्ट्रियसभा र सातवटै प्रदेशसभाका सांसदहरूको सूची पनि तयार गरिएका छन् । त्यसैगरी पार्टी दस्तावेज लेखन कार्य पनि अन्तिम चरणमा पुगेको छ । प्रेम आले, किसान श्रेष्ठ लगायतका ओली खेमाबाट आएका नेताहरूलाई पनि उचित जिम्मेवारी दिने तयारी थालेको छ । नेपाल पक्षले सांसदहरूको लेबी पनि संकलन गर्न थालेको छ । एमालेको यो अवस्था आउनमा अध्यक्ष ओली र नेता नेपालको भूमिकालाई मुख्य रुपमा जोडेर हेरिएको छ । खासगरी दोस्रो तहका नेताहरूले पार्टी एकतामा जोड दिए पनि ओली र नेपालको बोली र व्यवहारका कारण विवाद झन् चर्किएको सहज अनुमान गर्न सकिन्छ । ओलीले नेपाललाई राष्ट्रिय गद्दार, बेइमान र देशद्रोही भन्न बाँकी राखेनन् भने नेपालले ओलीलाई प्रतिगमनकारी, छली र षड्यन्त्रकारी भन्दै आएका छन् । ओली संविधान र लोकतन्त्रका विरुद्ध उत्रिएको र पार्टीलाई विभाजनको दिशातर्फ अघि बढाएको नेता नेपालको विश्लेषण छ ।

## जलवायु...

तीन मिटरसम्म बढ्ने चेतावनी दिइएको छ ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (युएनएफसीसी) २६ औं सम्मेलनको करिब २ महिनाअघि यो वैज्ञानिक प्रतिवेदन सार्वजनिक भएको छ । यसले आगामी नोभेम्बरमा स्कटल्यान्डको ग्लास्गोमा हुने जलवायु वार्तामा शक्ति राष्ट्रहरूलाई हरितगृह ग्यास कटौतीमा थप जिम्मेवारी बन्न प्रेरित गर्ने अपेक्षा जानकारहरूले गरेका छन् । यो प्रतिवेदनले हरितगृह उत्सर्जनमा उल्लेख्य भूमिका खेल्ने जिवाष्म इन्धनमा आधारित ऊर्जा निर्भर अर्थ व्यवस्था प्रणालीलाई कम कार्बन उत्सर्जन गर्न फेरि पनि झक्झकाएको छ । पृथ्वीको तापक्रम पेरिस सम्झौताले निर्धारण गरेको थ्रेड होल्ड अर्थात् १.५ डिग्रीभन्दा माथि जाने प्रतिवेदनले प्रष्ट्याएको छ । ६ वर्षअघि भएको पेरिस सम्झौताले हरित गृह ग्यासको उत्सर्जनमा कमी ल्याई सन् २०२१ सम्म विश्वको तापक्रम विश्वव्यापी औद्योगिकीकरण हुनुअघिको तुलनामा सम्भव भएसम्म १.५ डिग्रीमा सीमित गर्ने र नसके २ डिग्रीभन्दा माथि बढ्न नदिने लक्ष्य लिएको छ । हरित गृह उत्सर्जनमा चीन पहिलो, अमेरिका दोस्रो र भारत तेस्रो स्थानमा छन् । अमेरिकाले सन् २०५० सम्ममा कार्बन उत्सर्जन शून्यमा सीमित गर्ने प्रतिबद्धता जनाएको छ । चीन र भारतले अहिलेसम्म कटौती सम्बन्धी लक्ष्य पेस गरेका छैनन् । दक्षिण कोरिया र युरोपेली युनियनले सन् २०५०-२०६० सम्म शून्यमा जाने प्रस्ताव गरेका छन् ।

अहिले वायुमण्डलको औसत तापक्रम औद्योगिक क्रान्तिताकाको भन्दा १.१ डिग्री माथि पुगिसकेको छ । ६० भन्दा बढी देशका २ सय ३४ जना वैज्ञानिकहरूले ५ वर्षको तथ्यांकहरूलाई विश्लेषण गरेर जलवायु परिवर्तनको विद्यमान समस्याहरूलाई समेटेर यो प्रतिवेदन तयार पारेका हुन् । अमेरिकी मुलुकहरूमा समेत तातो वायु र भीषण डढेलोका घटनाहरू बढोत्तरी हुनुमा पनि वैज्ञानिकहरूले तापक्रम वृद्धिलाई नै मुख्य कारण मानेका छन् । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसले प्रतिवेदनले मानवका लागि खतराको संकेत गरेको टिप्पणी गरेका छन् । उनले सबैलाई जिम्मेवारी भएर आफ्नो प्रतिबद्धता पूरा गर्न समेत ध्यानाकर्षण गराएका छन् ।

## वराह...

### नागपञ्चमी

श्रावण शुक्लपञ्चमीलाई नागपञ्चमी भनिन्छ । मुख्यतया नाग आठ प्रकारका छन् । अनन्तो वासुकिः पद्मो महापद्मश्च तक्षकः। कुलीरः कर्कटः शंखश्चाष्टौ नागाः प्रकीर्तिताः ॥ १. अनन्त, २. वाासुकि, ३. पद्म, ४. महापद्म ५. तक्षक, ६. कुलीर, ७. कर्कट र ८. शंखसमेत गरी आठ प्रकारका नाग हुन्छन् । पञ्चमी तिथिका अधिष्ठातृ देवता नाग भएका हुँदा त्यस दिन नाग पूजा गर्ने परम्परा चलेको हो । यस विषयमा शास्त्रीय वचन छ ।

देवीपुराण र भविष्यपुराणको वचन यसप्रकार छ, श्रावणे मासि पञ्चम्यां शुक्लपक्षे नराधिप । द्वारस्योभयतो लेख्या गोमयेन विषोल्बणाः ॥ पूजयेद् विधिवद् वीर दधिदूर्वाङ्कुरैः कुशैः । गन्धपुष्पोपहारैश्च ब्रह्मणानाञ्च तर्पणैः ॥ ये तस्यां पूजयन्तीह नागान् भक्तिपुरःसराः । न तेषां सर्पतो वीर भयं भवति कुत्रचित् ॥ श्रावणशुक्ल पञ्चमीमा गोबरका नाग बनाएर वा नागका चित्र लेखेर ढोकाका दुवैतिर टाँस्ने शास्त्रीय विधान छ । नागहरू भगवान् महादेवका भूषणस्वरूप हुन् भन्ने विषयमा कालिका पुराणमा यसप्रकार वर्णित छ :

वासुक्याद्याश्च ये सर्पा यथास्थानञ्च ते हरम् । भूषयाञ्चक्रुरुद्गम्य शिरोबाह्वादिषु द्रुतम् ॥ कुनै समयमा ब्रह्माबाट कुनै निमित्तबाट मृत्यु हुने संकेत पाएर वसुकि आदि नागहरू मृत्युबाट बच्नका लागि मृत्युञ्ज्य स्वरूप शिव र पार्वतीका विवाहमा शिवजीका हातमा, शिरमा र घाँटीमा गहनास्वरूप भएर शिवका शरणमा परे । आफ्ना शरणागत नागलाई शिवजीले सधैं गहनाका रूपमा धारण गरेर उनीहरूको रक्षा गर्नुभएको हुँदा नागको पूजा आराधना गर्दा शिवजी प्रसन्न हुनुहुन्छ ।

मुख्यतया नागहरू आठ प्रकारका मानिए पनि यिनीहरूका अतिरिक्त ऐरावत, धनञ्जय, कालिय, मणिनाग आपूरण, पिञ्जरक, एलापत्र, वामन, नील, अनिल, कम्बल, अश्वतर, धृतराष्ट्र, कुण्डोदर, महोदर आदि थुप्रै नागका नामहरू भएको कुरा महाभारतमा उल्लेख छ । यस दिन घरको मूल ढोकाका दुवैतिर गोबरले नाग टाँसेर त्यसमा कपास, सुपारी, दुबो, कुश चन्दन, अक्षता, लावा, अबिर आदिले पूजा गरी दूध, दही र घ्यू आदिका साथै विभिन्न नैवेद्य चढाउनु पर्छ । कतै कतै घ्यूको धारा लगाउने पनि चलन छ । साथै ब्राह्मणहरूलाई सिधा दक्षिणा र भोजनहरू गराएर तृप्त गराउनु पर्दछ । यसबाट सर्पको भय नहुने, घरमा चट्याङ् नपर्ने र घरको सुरक्षा हुने विश्वास पनि गरिन्छ ।

नागको पूजा गर्ने मन्त्र यसप्रकार छन् : अगस्त्यश्च पुलस्त्यश्च वैशम्पायन एव च । सुमन्तुर्जैमिनिश्चैव पञ्चैते वज्रवारकाः ॥ मुनेः कल्याणमित्रस्य जैमिनेश्चापि कीर्तनात् । विद्युदग्निभयं नास्ति लिखित्वा गृहमण्डले ॥ सर्पापसर्प भद्रं ते गच्छ सर्प (दूरंगच्छ) महाविष । जनमेजयस्य यज्ञान्ते आस्तीकवचनं स्मर ॥ असितं चार्तिमन्तं च सुनीथं चापि यः स्मरेत् । दिवा वा यदि वा रात्रौ नास्य सर्पभयं भवेत ॥ यत्राहिशायी भगवान् यत्रास्ते हरिरीश्वरः । भंगो भवति वज्रस्य तत्र शूलस्यका कथा ॥ अनि मनसादेवीको पनि पूजा प्रार्थना गर्ने गरिन्छ ।

मन्त्र यसप्रकार छ, आस्तीकस्य मुनेः मातर्जगदानन्दकारिणि । एह्येहि मनसे देवि नागेश्वरि नमोस्तुते । (पाठान्तरः नागमातर्नमोस्तुते । पनि पाइन्छ ।) नाग स्थानमा वा पानीको मूल भएका स्थानमा पीठाको अथवा कपासको नागको आकार बनाएर नागपूजा गर्ने प्रचलन पनि छ । यसबाट पानीको स्रोत सुक्दैन भन्ने मान्यता छ ।

# नागरिक उड्डयन प्राधिकरणका कर्मचारी आन्दोलनमा

काठमाडौं । नेपाल वायु सेवा निगमका कर्मचारी चरणबद्ध आन्दोलनमा उत्रिरहेका बेला नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारी पनि आन्दोलनमा उत्रिने भएका छन् । अहिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको हालको प्राधिकरणलाई टुक्र्याएर दुईवटा संस्था बनाउनेगरी प्रस्ताव अघि बढाएसँगै प्राधिकरणका कर्मचारी युनियनले चरणबद्ध आन्दोलनको घोषणा गरेका हुन् ।

कर्मचारी युनियन सम्बद्ध पाँच संगठन नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारी संगठन, मधेश तराई कर्मचारी युनियन, लोकतान्त्रिक कर्मचारी संघ, राष्ट्रिय कर्मचारी युनियन र नेपाल राष्ट्रिय कर्मचारी संगठनले प्राधिकरण नटुर्क्याउन चेतावनीसहित चरणबद्ध आन्दोलनको घोषणा गरेका हुन् ।

सरकारले हालको प्राधिकरणलाई छुट्टाछुट्टै दुई संस्था बनाउने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक २०७६ र हवाई सेवा प्राधिकरण विधेयक २०७६ राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधिसभामा लैजाने तयारी गरेको छ । जसको विरोधमा संगठित कर्मचारी युनियनले सोमबारदेखि चरणबद्ध आन्दोलनको घोषणा गरेका हुन् ।

उनीहरूले सोमबारदेखि आगामी २८ साउनसम्म विरोधका कार्यक्रम सार्वजनिक गरेका संगठनले सोमबारदेखि आगामी २७ साउनसम्म प्रत्येक दिन बिहान १० बजेदेखि १ बजेसम्म पेन डाउन गर्ने र १२ बजेदेखि १ बजेसम्म कालोपट्टीसहित महानिर्देशकको कार्यकक्ष घेराउ गर्ने बताएका छन् ।

यसैगरी, आगामी २८ साउनबाट महानिर्देशक लगायतका कार्यकक्षमा तालाबन्दी गर्ने घोषणा गरेका छन् । त्यसपछि पनि विरोधका कार्यक्रमबाट सम्बन्धित पक्षले आफूहरूको माग सम्बोधन नभए पुनः अर्को बैठक बसी थप कडाभन्दा कडा आन्दोलनका कार्यक्रमसमेत सार्वजनिक गर्ने संयुक्त युनियनले चेतावनी दिएका छन् ।

# प्राधिकरणमा फेरि कुलमान



काठमाडौं । नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङ नियुक्त भएका छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको हो ।

२०७७ भदौमा आफ्नो ४ वर्षे कार्यकाल पूरा गरेर विदा भएका घिसिङलाई सरकारले पुनः प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको छ । घिसिङले बुधबारबाट कार्यभार सम्हालेका छन् ।

नेपालमा लोडसेडिङ हटाउन प्राधिकरणको नेतृत्वमा रहेर भूमिका खेलेका घिसिङलाई पुनर्नियुक्त गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मानेका थिएनन् । उनले प्रक्रिया पूरा गर्नुपर्ने बताएपछि मन्त्रिपरिषदमा पुगेको नियुक्ति प्रस्तावमाथि छलफल हुन पाएको थिएन । तर, नयाँ सरकार गठन भएसँगै प्रधानमन्त्री शेरबहादुर देउबा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र ऊर्जामन्त्री पम्फा भुसालबीच सहमति भएको थियो । घिसिङको यसअघिको कार्यकालमा सुरु गरेका धेरै आयोजना प्राधिकरणको वर्तमान नेतृत्वले अघि बढाउन नसकेको र प्राधिकरण फेरि पहिलेकै अवस्थामा फर्किने जोखिम हुने ठहर गर्दै घिसिङलाई फेरि मौका दिने सहमति भएको मन्त्रालय स्रोत बताउँछ ।

सोहीअनुसार घिसिङलाई कार्यकारी निर्देशक बनाएसँगै प्राधिकरणका वर्तमान कार्यकारी निर्देशक शाक्यलाई जल तथा ऊर्जा आयोगमा विशिष्ठ श्रेणीको पद (सचिव) सरहको पूर्ण कालीन सदस्य पदमा पदस्थापन गर्ने निर्णय पनि गरेको छ । त्यसका लागि आयोगको गठन आदेशमा समेत संशोधन गरिएको छ ।

सरकारले शाक्यले अहिले प्राधिकरणमा पाउँदै आएको तलब सुविधा नघट्ने गरी सो जिम्मेवारी दिने निर्णय गरेको हो । यसका लागि अर्थ मन्त्रालयले पनि सहमति दिएको छ । शाक्यको विज्ञतालाई मध्यनजर गर्दै उनलाई विदा नगरी सरकारको जल तथा ऊर्जा नीति निर्माणमा शाक्यको अनुभवलाई उपयोग गर्ने योजना सरकारले बनाएको हो । शाक्यले पनि सरकारले आफूलाई ससम्मान दिने अर्को जिम्मेवारीमा जान तयार रहेको बताउँदै आएका छन् । संस्थाको नाफा घटेको, विद्युत चुहावट बढेको, निर्माणाधीन आयोजनाको कामले गति लिन नसकेको, प्रशासनिक रुपमा बेथिति बढेको जस्तो अवस्था देखिएपछि मन्त्रीले राम्रो व्यवस्थापनसहितको टिम बनाउन शाक्यलाई विदा गरिएको मन्त्रालयको दावी छ ।